पशु उत्पादन निर्देशनालय हरिहरभवन

# पशु सेवा विकास कार्यक्रम सञ्चालन कार्यविधि–२०७२

# विषय सुची

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

परिच्छेद १ प्रारम्भिक....................................................................................................१

परिच्छेद २ चौरी विकास तथा संरक्षण कार्यक्रम सञ्चालन विधि.......................................................१

परिच्छेद ३ खाद्य पोषण सुरक्षाका लागि पशुपालन कार्यक्रम सञ्चालन विधि........................................३

परिच्छेद ४ हाईडोपोनिक्स मेशिन वितरण कार्यक्रम सञ्चालन विधि.....................................................४

परिच्छेद ५ अनुदानमा उन्नत जातका कोरली गाई वितरण कार्यक्रम सञ्चालन विधि................................५

परिच्छेद ६ उत्पादनशील बकेर्नो थारो भैसी संरक्षण कार्यक्रम सन्चालन विधि ......................................७

परिच्छेद ७ मासुको लागि व्यवसायिक पाडापालन कार्यक्रम संचालन विधि..........................................९

परिच्छेद ८ व्यवसायिक बाख्रा प्रवर्द्धन राष्ट्रिय अभियान (Goat Mission) कार्यक्रम सञ्चालन विधि....................१०

परिच्छेद ९ पिग एण्ड पोर्क सूधार कार्यक्रम.............................................................................१२

परिच्छेद १० दुग्ध सहकारी प्रवर्द्धन कार्यक्रमः.........................................................................१५

परिच्छेट ११. कृषि पर्यटन प्रवर्द्धनका लागि ग्रामीण कुखुरा विकास कार्यक्रम .......................................१६

परिच्छेद १२. भैंडा विकास श्रोत केन्द्र स्थापना............................................................................१७

परिच्छेद १३. एनिमल आईडेन्टीफिकेशन तथा ट्रेसिवेलिटी कार्यक्रमः ..................................................१८

परिच्छेद १४ विविध..........................................................................................................१९

अनुसुचीहरु.....................................................................................................................२१

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

# पशु सेवा विकास कार्यक्रम सञ्चालन कार्यविधि–२०७२

पृष्ठभूमिः

कुल कृषि ग्रार्हस्थ उत्पादनको करीव २६ प्रतिशत योगदान रहेको पशु उत्पादन क्षेत्र क्रमशः निर्वाहमुखीबाट व्यवसायीकरणमा परिणत हुदै गईरहेको परिप्रेक्षमा यस क्षेत्रको विकासको लागि लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आबश्यक छ । यसका लागि दुध उत्पादन र बाख्रा तथा बंगुरको मासु उत्पादनमा बिशेष सहयोग गर्नको लागि पशु उत्पादन निर्देशनालयबाट विभिन्न कार्यक्रमहरु तर्जुमा गरी परियोजनाहरुको कुल लागतमा सहयोग गरी पशुपालन व्यवसायहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने सहयोग तथा सहायतालाई अझ बढी प्रभावकारी एवं पारदर्शी बनाई लक्षित वर्गसम्म पुर्याउनु यस व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रबर्द्धन एवं गरीवी न्यूनिकरणमा ठोस योगदान पुर्याउनुका लागि सञ्चालन हुने कार्यक्रमहरुको सञ्चालन प्रकृयालाई व्यवस्थित गर्न यो कार्यविधि तयार गरिएको छ

## परिच्छेद १ प्रारम्भिक

१ सक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम पशु सेवा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ रहेको छ ।

ख. यो कार्यविधि नेपाल सरकार कृषि विकास मन्त्रालयबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषा, विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि

क. “विभाग” भन्नाले पशु सेवा विभाग सम्झनुपर्छ ।

ख. “कार्यालय” भन्नाले जि.प.से.का. सम्झनुपर्छ

ग. “कार्यदल” भन्नाले कार्यालयबाट गठित पशु विकास कार्यदललाई सम्झनुपर्छ ।

घ. “निर्देशनालय” भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनुपर्छ ।

ङ. “समूह” भन्नाले २० भन्दा वा सो भन्दा बढी कृषकहरु संगठित भई जि.कृ.वि.का वा जि.प.से.का. मा दर्ता वा सुचिकृत भएको कृषक समूह सम्झनुपर्छ

च. “निजी फार्म” भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फार्म सम्झनुपर्छ ।

३. उदेश्यः यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेका छन्

क. पशु पालन व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवं व्यावसायीकरण गर्नका लागि आबश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप प्रदान गरिने अनुदान तथा टेवा प्रदान गर्ने ।

ख. पशुपालन व्यवसाय अन्तरगत थप रोजगारीका अवसरहरु सिर्जना गरी आयमा बृद्धिका साथै जीवनस्तरमा सुधार गर्ने ।

ग. पशुपालन व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तरमा सुधार गर्ने र उत्पादन लागतमा न्यूनीकरण गर्ने ।

## परिच्छेद २- चौरी विकास तथा संरक्षण कार्यक्रम सञ्चालन विधि

२.१ कार्यक्रमको उद्देश्य

क. दिनानु दिन घट्दै गैरहेको चौंरीको संख्यामा वृद्धि ल्याउने र संरक्षण गर्ने ।

ख. चौंरी गाईको उत्पादन र उत्पादकत्व बृद्धि गराई उच्च पहाड तथा हिमालको वसोवास गर्ने जनताको आयस्तर वृद्धि गर्ने र कृषि पर्यटनमा टेवा पुयाउने ।

२.२ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

क. यो कार्यक्रम पहिलो चरणमा गोरखा, रसुवा र दोलखा जिल्लामा सञ्चालन हुने छ र क्रमिक रुपमा आवश्यकता अनुसार अन्य जिल्लाहरुमा समेत विस्तार गरिदैं लगिने छ ।

ख. प्रत्येक कार्यालयले स्वीकृत कार्यक्रम प्राप्त भएपछि सम्भाव्यताका आधारमा जिल्ला पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समन्वय समितिको सिफारिसमा कार्यक्रम सञ्चालन हुने गाविसको छनोट गर्ने छ ।

ग. गा.वि.स.को छनोट पश्चात कार्यालयले गाविस स्तरमा एक भेला राखी कार्यक्रम बारे जानकारी दिने छ र सोही भेलाबाट कार्यक्रममा सहभागी हुने कृषकहरुको छनोट हुनेछ ।छनोट भएका कृषकहरु मध्येबाट एक समूहको गठन गरिने छ । समूहका कम्तीमा २५ जना कृषकहरु हुनुपर्नेछ ।समूहका रहेका कृषकहरुको विवरण अनुसुची २ को ढाँचामा तयार

गर्ने कार्य कार्यालयको हुने छ । सो विवरण पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ । समुह गठनको लागि न्यूनतम कृषकहरुको संख्या नपुग भएमा अन्य नजिकको गा.वि.स.हरुलाई समेत समेटिने छ । साथै उपलब्ध हुने श्रोत र अनुदानको आधारमा कार्यक्रम विस्तार हुँदै जाने छ ।

घ. समूह गठन भई सकेपछि कार्यालयबाट समूहलाई कार्यक्रम र बजेटको बारेमा जानकारी समूहको आबश्यकता पहिचान गरी कृयाकलापहरुको सूची र तिनको लाग्ने वजेट तयार गर्नुपर्ने छ अनुसुची ३ । तर यसरी सञ्चालन हुने कृयाकलापहरुमा चौरीपालन, चौरीको दुध संकलन, ढुवानी, गुणस्तर सुधार, दुग्ध प्रशोधन जस्ता समाबेश हुने छन् । कार्ययोजना तयार गर्दा प्रस्तावित अंकको २.५ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिने छ । जुन रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि सम्बन्धित कार्यालयले खर्च गर्नेछ ।

ङ. यसरी कार्यालयले तयार गरेको कृयाकलापको सूचि र तिनका लाग्ने खर्चको विवरण जिल्ला पशु सेवा कार्यादलमा पेश गरी कार्यदलको स्वीकृती पछि कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने छ ।स्वीकृत कार्यकम पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

च. छनोट भईसकेका कृषकहरुले प्राप्त गर्ने सहायताको प्रयोगको लागि कार्यालयले तय गरे अनुरुपको सम्झौता हुने छ । जिल्ला पशु सेवा कार्यालयलाई प्राप्त विनियोजित वजेटको आधारमा प्रदान गरिने कूल अनुदानको थप २५% रकम सम्बन्धित समुह /समिति/ सहकारीले समेत संचालित संयूक्त खातामा जम्मा गर्नुपर्नेछ ।

छ. यो कार्यक्रममा सहभागी हुने कृषक तथा समूहले सम्भव भएसम्म बाली तथा पशु बीमा कार्यविधि २०६९ बमोजिम पशुहरु तथा अन्य सम्पतिलाई बीमा गर्नुपर्नेछ ।

ज. पशु उत्पादन, प्राविधिक मापदण्ड लगायतको अभिलेखीकरणको काम समूहको सचिव वा अध्यक्षले तोकेको अन्य सदस्यबाट हुनेछ । समूहको प्रगति मासिक रुपमा पशु सेवा केन्द्रमा दिनु पर्नेछ । र उत्पादन सम्बन्धी अन्य अभिलेख प्रत्येक चौमासिकमा बुझाउन पर्ने छ ।अनुसुची ४

२.३ कृयाकलापहरुको स्वीकृत गर्ने विधिः

क. कार्यक्रम संचालन हुने समुह /समिति /सहकारीमा जिल्ला पशु सेवा कार्यालयवाट खटिएका कार्यदलले कार्ययोजना तयार गर्नेछ ।

ख. कृयाकलापहरुको अध्ययन तथा मुल्यांकन गरी स्वीकृतीको जिल्ला पशु विकास कार्यदलमा पेश गरिने छ । जिल्ला पशु विकास कार्यदलबाट स्वीकृत भएको कृयाकलापहरु सञ्चालनका लागि मात्र यस कार्यक्रममा तोकिएको बजेट खर्च गर्न सकिनेछ ।

२.४ कृषक सहायता भुक्तानी प्रक्रिया

क. यस कार्यक्रम सञ्चालनको लागि पशु उत्पादन निर्देशनलायले सम्बन्धित कार्यालयलाई नै अख्तियारी दिनेछ ।

ख. जिल्ला पशु सेवा कार्यालयसंग सम्झौता अनुसुची १० भईसकेपछि सम्झौता अनुरुप कार्य गर्ने जिम्मेवारी कृषक समूहको हुनेछ । कृषक समूहले सम्झौता अनुरुपका कार्य गर्दा तोकिएको सहयोग रकम नपुग भएमा कृषक समूहका सदस्यहरुबाट व्यहोर्ने वा अन्य श्रोत खोज्ने जिम्मा कृषक समूहको हुनेछ ।

ग. समूहको स्वीकृत कृयाकलापहरुको सञ्चालनमा कार्यालयले सहयोग गर्नुपर्नेछ ।

घ. चौरी विकास, विस्तार तथा संरक्षणको लागि अधिकतम सहायता रकम निम्नानुसार हुनेछ ।

| क्र.स. | क्रियाकलापहरु | कार्यालयवाट अनुदान बढीमा रु | प्रति कृषक समूह/समिति/ सहकारीवाट सहयोग कम्तीमा रु |
|---|---|---|---|
| १ | चौरीको चरनमा पानीको व्यवस्था गर्न | ५०००० | १२५०० |
| २ | चौरीको लागि भाले पशुको खरीद | ५०००० | १२५०० |
| ३ | चौरीको चरनमा घास विकास, बुटयान हटाउने, आदि कार्यको लागि | ५०००० | १२५०० |
| ४ | दुध ढुवानी, संकलन, प्रशोधन | ५०००० | १२५०० |
| ५ | समूह वा समितिले आबश्यक देखेको अन्य कुनैपनि कार्य (गोठ सुधार, पशु स्वास्थ्य, सीप विकास आदि | ५०००० | १२५०० |
| ६ | कार्यालयबाट अनुगमन प्रति समूह | १०००० | |
| | जम्मा | २६०००० | ६२५०० |

२.५. अनुगमन तथा मूल्यांकनः यस कार्यक्रमको मासिक रुपमा अनुगमन जिल्ला पशु सेवा कार्यालयले गर्नेछ, र सो को मासिक प्रतिवेदन र प्रगति निर्देशनालयमा पठाउनु पर्नेछ । साथै अनुगमन तथा मुल्यांकनका अन्य काम अनुगमन तथा समन्वय समितिले गर्नेछ । वार्षिक रुपमा सम्बन्धित समुह/समिति/सहकारीले खर्च र आम्दानीको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद ३ खाद्य पोषण सुरक्षाका लागि पशुपालन कार्यक्रम सञ्चालन विधि

३.१ कार्यक्रमको उद्देश्य

क. महाभुकम्पवाट पिडित जिल्लाहरुमा वसोवार गर्ने जनताको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।
ख. पशुपालनवाट हुने आर्थिक आर्जनलाई दिगो रुपमा व्यवस्थित गर्ने ।
ग. पशुपालनलाई व्यवसायिकरण गर्दै उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

३.२ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

गाविस तथा सहभागी छनोट

क. क. यो कार्यक्रम सञ्चालन हुने जिल्लाहरु काभे गोरखा सिन्धुपाल्चोक, धादिङ, दोलखा, रामेछाप, ललितपुर, काठमाडौं नुवाकोट मकवानपुर भक्तपुर रसुवा रहनेछन् । यसरी जिल्ला तोक्दा २०७२ सालको भुकम्पबाट प्रभावित जिल्लाहरुलाई प्राथमिकता दिईएकोछ ।

ख. ख. स्वीकृत कार्यकमा पास भएपछि सम्बन्धित कार्यालयले जिल्ला दैबी प्रकोप उद्धार समितिको बैठकबाट त्यस जिल्ला कार्यक्रम सञ्चालन हुने गाविसहरुको तय गर्नेछ । ती गाविसहरुमा रहेका भुकम्प पीडितहरुको नामावलीहरुमध्ये पशुपालन व्यवसायमा संलग्न रहेका घरपरिवारमा यो कार्यक्रम सञ्चालन हुनेछ ।

ग. छनोट भएका गाविसहरुबाट कार्यालयले छनोट गरेका कृषकहरुको नामावली जि.दैविक प्रकोप उद्धार समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

कार्य योजना

क. प्रत्येक गाविसबाट छनोट भएका कृषकहरुको एक समूह, समिति वा सहकारी बनाई पशुपालन सम्बन्धी कार्यक्रम सञ्चालन हुनेछन् । कृषकको समुह गठन, कार्य योजना तयारी लगायतका कामका लागि सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले गर्नेछ ।

ख. समूह वा समिती गठन भईसकेपछि प्रत्येक समूहको बैठकबाट त्यस समूहका लागि सञ्चालन हुने कार्ययोजना अनुसुची ३ अनुसार तय गर्ने कार्य कार्यालयको हुनेछ । कार्ययोजना तयार गर्दा प्रस्तावित अंकको २.५ प्रतिशत कन्टिन्जेञ्सी स्वरुप राखिनेछ । जुन रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि सम्बन्धित कार्यालयले खर्च गर्नेछ । यसरी सञ्चालन हुने कृयाकलापहरु निम्नानुसार हुनेछ ।

क. खोर तथा गोठ निर्माणमा सहयोग
ख. बाखा तथा कुखुरा खरीदमा सहयोग
ग. अन्य व्यवस्थापनमा सहयोग (औषधि, घाँस, आदि )
घ. जिपसेकाबाट गरिने व्यवस्थापकीय खर्च (बैठक भत्ता, स्टसनरी, ईन्धन आदि)
ङ. सीप विकासका लागि तालीम
च. पशुजन्य उत्पादनको बजार व्यवस्थापन ।
छ. मूल्य श्रृङ्खलामा आधारित पशुजन्य पदार्थको उत्पादन तथा विविधिकरण ।
ज. कृषक पाठशाला सञ्चालन
झ. तालीम तथा पाठशाला सञ्चालन कार्य पशु उत्पादन निर्देशनालयको संयोजनमा हुनेछ ।
ञ. प्रत्येक समूहमा सञ्चालन गरिने कृयाकलापहरुको अनुमोदन जिल्ला पशु सेवा कार्यदलबाट गर्नुपर्नेछ ।स्वीकृत कार्ययोजना पशु उत्पादन निर्देशनालयमा अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

कृयाकलाप सञ्चालन तथा अनुदान भुक्तानी पकृया

क. अनुदान प्राप्त गर्ने कृषक समूहको खातामा कार्यालयले एकमुष्ठ अनुदान रकम उपलब्ध गराउने छ । यसरी अनुदान रकम जम्मा हुने खाताको सञ्चालन कार्यालयले तोकेको एक अधिकृत र कृषक समूहको एक प्रतिनिधिको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । साथै सोही खातामा प्राप्त अनुदानको २५% रकम सम्बन्धित समुहले जम्मा गर्नुपर्नेछ ।

ख. कार्यक्रम सम्बन्धी अभिलेख र कार्यालयको लागि तोकिएको व्यवस्थापकिय खर्च कार्यालयले खाता सञ्चालन गर्न तोकेको अधिकृतबाट हुनुपर्नेछ । उक्त अधिकृतबाट अनुदान प्राप्त गर्ने कृषकहरुले सञ्चालन गरेका कृयाकलापको समेत अभिलेख र खर्चको विवरण राखी पगतीमा समाबेश गर्नुपर्ने छ ।

ग. समूहको खातामा रकम जम्मा भइसकेपछि रकमको परिचालन कृषक समूहबाट हुने र सो को लागि आबश्यक परामर्श तथा अभिलेखीकरण कार्यालयबाट हुनेछ ।

घ. अनुगमन तथा मूल्यांकनः यस कार्यक्रमको मासिक रुपले अनुगमन तथा पृष्ठपोषण गर्ने कार्य पशु सेवा केन्द्र/उपकेन्द्र/जिल्ला पशु सेवा कार्यालयले गर्नेछ र सोको प्रतिवेदन अनुसुची ४ र प्रगति मासिक रुपमा पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ, पशु उत्पादन निर्देशनालयले चौमासिक रुपमा अनुगमन तथा पृष्ठपोषण गर्नेछ । साथै वार्षिक रुपमा सम्बन्धित समुह/समिति/सहकारीले सार्वजनिक सुनवाई गर्नुपर्नेछ ।

## परिच्छेद ४ हाईड्रोपोनिक्स मेशिन वितरण कार्यक्रम सञ्चालन विधि

### ४.१ कार्यक्रमको उद्देश्य

क. ५० भन्दा बढी पशुपालन (गाई/भैंसि) गर्ने निजी कृषक, तथा सहकारी फार्महरुलाई वर्षेभरी हरियो घाँस उत्पादन गरी पशुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख. ठूला सहकारी वा निजी फार्महरुलाई घाँस उत्पादन गर्न चाहिने जग्गाको समस्या समाधान हुने र क्रमशः प्रविधि विस्तार गर्दै लग्ने ।

ग. निजी, सहकारी वा सरकारी फार्महरुको लाभ लागत अनुपातमा वृद्धि गर्ने एवं प्रति लिटर दुधको लागत न्यूनीकरण गर्ने।

### ४.२ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

<u>आवेदक छनोट</u>

क. यस कार्यक्रमका सहभागी हुन चाहने निजी तथा सहकारी पशुपालन फार्म एवं सरकारी फार्महरुको लागि जानकारीका साथै माग लिनको लागि राष्ट्रियस्तरको पत्रिकामा सूचना अनुसुची ५ बमोजिम प्रकाशित गरी आबेदन माग गरिनेछ ।आवेदनकर्ताले आवेदन सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु पर्नेछ ।

ख. देहायका योग्यता पुगेका आवेदनकर्ता फर्महरुले अनुसुची ६ मा उल्लेखित कागजातहरुसाथ आवेदन दिनुपर्नेछ ।

- निजी वा सहकारी वा साझेदार संस्था भएमा नेपाल सरकारको कुनै पनि निकायमा दर्ता भएको हुनुपर्ने
- आवेदन दिएको समयमा ५० वा सो भन्दा बढी गाई वा भैसी रहेको हुनुपर्ने।
- आवेदनकर्तालाई विद्यमान पशुसख्याको आधारमा पशु आहाराको लागि यस्तो उपकरण आबश्यकताबारे सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारिससाथ पेश गर्नुपर्ने छ।

ग. पशु उत्पादन निर्देशनालयमा पाप्त आवेदनहरुको छानबीन स्थलगत प्रमाणीकरण तथा मूल्यांकनको लागि देहाय बमोजिमको एक मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| अ) कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | संयोजक |
| आ) प्रमुख राष्ट्रिय चरन तथा पशु आहारा विकास केन्द | सदस्य |
| इ) कार्यालय प्रमुख, केन्द्रिय गाई भैंसी प्रवर्धर्मन कार्यालय | सदस्य |
| ई) अध्यक्ष वा प्रतिनिधी, केन्द्रिय दुग्ध सहकारी संघ | सदस्य |
| उ) अधिकृत प्रतिनिधी, पशु सेवा बिभाग | सदस्य |
| ऊ) अधिकृत प्रतिनीधि, योजना महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| इ) सम्बन्धित कार्यक्रमको फोकल अधिकृत (वरिष्ठ पशु विकास अधिकृत), पशु उत्पादन निर्देशनालय | सदस्य सचिव |

समितीले बढीमा तीन जान विषय विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

घ. मूल्याकन समितिले प्रस्तावमा को आधारहरुमा आवेदनहरुको मूल्याकन गरी यस मेशिन जडान गरे वापत अनुदान पास गर्ने कृषकको नामावली तयार गर्नेछ ।

## हाईडोपोनिक्स मेशिन खरीद सम्बन्धी व्यवस्था

ङ. पशु उत्पादन निर्देशनालयको स्वीकृत बार्षिक कार्यक्रम र उक्त शिर्षकमा विनियोजित बजेट अनुसार अनुदानमा प्रदान गरिने हाईडोपोनिक्स मेसिनको सम्बन्धमा गुणस्तर र प्राविधिक मापदण्ड तयार गर्नको लागि एक प्राविधिक समिति गठन गरिनेछ ।सो प्राविधिक समितिमा निर्देशनालयमा कार्यरत एक जना वरिष्ठ अधिकृत संयोजक रहेने छन भने सदस्यमा एक जना मेकानिकल ईन्जिनियर (नेपाल सरकार वा अन्तर्गतका निकायहरु वाट), एक जना विज्ञ नेपाल सरकार वा अन्तर्गतको र एक जना पशु सेवा विभागवाट अधिकृत प्रतिनिधि रहनेछन ।

च. प्राविधिक समितिले तयार गरेको गुणस्तर सम्बन्धि प्राविधिक मापदण्ड नियमानुसार स्वीकृत भएपश्चात तोकिएको मापदण्डको सामान आपूर्तिका लागि पशु उत्पादन निर्देशनालयले राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको मेशिन उपलब्ध गराउन विभिन्न बोलपत्रहरुबीच सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धा गराई मेशिनको दररेट लिनेछ ।बोलपत्रदाताहरुको छनोट सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ।

छ. यसरी बोलपत्र पेश गरेका बोलपत्रदाताहरुबीच पतिस्पर्धा गराइ न्यूनतम मूल्यमा मेशिन आपूर्ति गर्ने कम्तीमा तीनवटा बोलपत्रदाताहरुको नामावली र कवोल अङ्क सार्वजनिक गरी अनुदान पास गर्ने कृषकहरुलाई जानकारी दिईनेछ। यसरी छनोट भएका बोलपत्रदाताहरुमध्येबाट खरीद गरिएका मेशीनको लागि मात्र अनुदान दिइनेछ । यसरी अनुदान दिदाँ सवै भन्दा कम कवोल गरेको रकम नेपाल सरकारको तर्फ वाट दिईने छ ।

ज. मेशिन छनोट भएका आवेदकको स्थलमा जडान गरी आपुर्तीकर्ताले संचालन गरेर देखाउनु पर्नेछ, साथै मेशिन संचालन सम्वन्धी तालिम उपलब्ध गराउनु पर्नेछ र न्युनतम १ वर्षको लागि निशुल्क सभिर्सिङ्ग समेत उपलब्ध गराउनु पर्नेछ ।

## अनुदान भुक्तानी पकृया

क. ५० वटा भन्दा वढी गाई वा पशु बस्तुहरु भएको निजी तथा सहकारी फार्मलाई परल मूल्यको ५०% अनुदान दिइनेछ ।यसरी तोकिएको मेशिनलाई दिईने अनुदानको रकम एउटै हुनेछ।

ख. आवेदन स्वीकृत भएका कृषकहरुले निर्देशनालयले तोकेको स्पेशिफिकेसन पुग्ने र तोकेको मापदण्ड पुरा गरेको फर्मबाट मेशिन खरीद गर्नुपर्नेछ ।

ग. पशु उत्पादन निर्देशनालयबाट छनोट भएका आवेदनकर्ताहरुले तोकिएका फर्महरुबाट मेशिन खरीद गरी जडान गर्ने समयमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको समन्वयमा गर्नुपर्ने छ।

घ. अनुदान लागि छनोट भएका फार्महरुले खरीद गरेका मेशिनको सक्कल विल र सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट उक्त मेशिन जडान तथा राम्ररी काम गरेको भनी प्रमाणित गरी अनुदान रकमको लागि निवेदन दिनुपर्नेछ । आपुर्तिकर्ताले सम्वन्धित सेवाग्राहीको फार्ममा आपुर्ति ढुवानी जडान तथा एक हप्ताको तालिम दिनु पर्ने छ । मुल्य निर्धारण गर्दा उपरोक्त अनुसारको लागि लाग्ने खर्च समेत जोडेर आपुर्तिकर्ताले पेश गर्नु पर्ने छ ।

ङ. यसरी निवेदन प्राप्त भएपछि पशु उत्पादन निर्देशनालयले आबश्यक परेमा जाँचबुझ गरी अनुदान वापतको रकम आवेदकको बैक खातामा वा आवेदकले अनुरोध गरेको आपुर्तिकर्ताको खातामा जम्मा गरिने छ ।

४.३ खरीद तथा कार्य योजना तयार गर्दा प्रस्तावित अंकको बढिमा २.५ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिने छ ।जुन रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि सम्बन्धित निर्देशनालयले खर्च गर्नेछ ।

४.४ अनुगमन तथा मूल्यांकनः सम्बन्धित कामको अनुगमन तथा कार्य प्रगति एवं कार्यसम्पन्नको प्रतिवेदन जिल्ला पशु सेवा कार्यालयले गर्नेछ । पशु उत्पादन निर्देशनालयले चौमासिक रुपमा अनुगमन गरी प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

# परिच्छेद ५ अनुदानमा उन्नत जातका कोरली गाई वितरण कार्यक्रम सञ्चालन विधि

## ५.१ उद्देश्यः

क. दुधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
ख. उन्नत कोरली गाई वितरण गरी राष्ट्रकै दुध उत्पादन वृद्धिमा टेवा पुर्याउने ।
ग. पशुपालनलाई व्यवसायीकरण गरी ग्रामिण आयआर्जनमा वृद्धि गर्ने ।

## ५.२ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

क. अनुदानमा उन्नत कोरली गाई वितरण कार्यक्रम भुकम्प प्रभावित कृषि क्षेत्रको PDNA मा उल्लेखित २४ जिल्लाका भुकम्प प्रभावित परिचय पत्र भएका निजि, सहकारी एवं सरकारी फार्मले पाउने गरी सञ्चालन गरिनेछ।

### कृषक छनोट

क. यस कार्यक्रमका सहभागी हुन चाहने भुकम्प प्रभावित व्यक्ति निजी तथा सहकारी पशुपालन फार्म को लागि जानकारीका साथै माग लिनको लागि राष्ट्रियस्तरको पत्रिकामा सूचना अनुसुची ५ बमोजिम प्रकाशित गरी आबेदन माग गरिनेछ । आवेदनकर्तांले आवेदन सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु पर्नेछ ।

ख. योग्यता पुगेका आवेदनकर्ताहरुले अनुसुची ६ मा उल्लेखित कागजातहरु साथ आवेदन दिनुपर्नेछ।

ग. प्राप्त आवेदनहरुको पारम्भिक छानवीन सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट हुने र सो कार्यालयले छानवीन पश्चात प्राथमिकीकरण गरी पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

घ. जिल्लास्तरमा आवेदनहरुको छानविन, स्थलगत प्रमाणीकरण तथा मूल्यांकनको लागि देहाय बमोजिमको एक मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| अ) प्रमुख, जिल्ला पशु सेवा कार्यालय | संयोजक |
| आ) प्रमुख, योजना शाखा | सदस्य |
| इ) प्रमुख, पशु स्वास्थ्य शाखा | सदस्य |
| ई) अध्यक्ष वा प्रतिनिधी, जिल्ला दुग्ध सहकारी संघ | सदस्य |
| उ) सम्बन्धित कार्यक्रमको फोकल अधिकृत | सदस्य सचिव |

ङ जिल्लाबाट प्राथमिकीकरण साथ पशु उत्पादन निर्देशनालयमा पास आवेदनहरुको छानवीन स्थलगत प्रमाणीकरण तथा मूल्यांकनको लागि देहाय बमोजिमको एक मूल्यांकन समिति रहनेछ। आवेदकको तर्फबाट लगानी गर्नु पर्ने रकम जिल्ला भित्र पशु सेवा कार्यालयमा जम्मा गर्न एक महिनाको समय दईनिछ। यसरी जम्मा नगरेमा बैकल्पिकमा रहेकालाई प्राथमिकता दिईनेछ। प्रत्येक जिल्लामा यस आ.व. का लागि कम्तिमा ७५ वटा कोरली अनुदानमा कृषकहरुलाई वितरण गरिने छ। यसरि कुनै जिल्लामा माग नआएमा २४ जिल्ला मध्ये मागको आधारमा प्रथमिकिकरण गरी वितरण गरिनेछ।

| | | |
|---|---|---|
| अ) | कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | संयोजक |
| आ) | प्रमुख राष्टिय चरन तथा पशु आहारा विकास केन्द | सदस्य |
| इ) | कार्यालय प्रमुख, केन्द्रिय गाई भैंसी प्रवर्द्धन कार्यालय | सदस्य |
| ई) | अध्यक्ष वा प्रतिनिधी, केन्द्रिय दुग्ध सहकारी संघ | सदस्य |
| उ) | अधिकृत प्रतिनिधी, पशु सेवा बिभाग | सदस्य |
| ऊ) | सम्बन्धित कार्यक्रमको फोकल अधिकृत (वरिष्ठ पशु विकास अधिकृत), पशु उत्पादन निर्देशनालय | सदस्य सचिव |

च. मूल्याकन समितिले अनुसुचीमा रहेका आधारहरुमा आवेदनहरुको मूल्यांकन गरी यस कोरली गाई खरीद गर्नको लागि अनुदान पास गर्ने कृषकको अन्तिम नामावली तयार गर्नेछ ।

### गाई खरीद सम्बन्धी व्यवस्था

क. पशु उत्पादन निर्देशनालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार अनुदान गाईको गुणस्तर र प्राविधिक मापदण्ड तयार गर्नको लागि एक प्राविधिक समिति गठन गरिनेछ ।

ख. प्राविधिक समितिले तयार गरेको गुणस्तर सम्बन्धि प्राविधिक मापदण्ड नियमानुसार स्वीकृत भएपश्चात तोकिएको मापदण्डको गाई आपूर्तिका लागि पशु उत्पादन निर्देशनालयले राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशित गरी गाई उपलब्ध गराउन दर्ताबाल फर्महरुबीच सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धा गराई गाईको दररेट लिनेछ । बोलपत्रदाताहरुको छनोट सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ।

ग. यसरी बोलपत्र पेश गरेका बोलपत्रदाताहरुबीच पतिस्पर्धा गराइ न्यूनतम मूल्यमा कोरली गाई आपूर्ति गर्ने (कृषकको थलोमा) कम्तीमा तीनवटा बोलपत्रदाताहरुको नामावली दररेट सहित सार्वजनिक गरी अनुदान पास गर्ने कृषकहरुलाई जानकारी दिईनेछ। यसरी छनोट भएका बोलपत्रदाताहरु मध्येबाट खरीद गरिएका कोरली गाईको लागि मात्र अनुदान दिइनेछ । आपुर्तिकर्ताले कृषकको थलोमानै स्वस्थ गाई उपलब्ध गराई ३ दिनको तालिम समेत दिने छ। साथै नेपाल

सरकारको तर्फबाट बढीमा परल मुल्यको ९० प्रतिशत अनुदान स्वरुप वढीमा ६५ हजार प्रति कोरली गाई उपलब्ध गराईनिछ। बाँकी रकम आवदेकले अग्रिमरुपमा सम्बन्धित पशु सेवा कार्यालयमा जम्मा गर्नुपर्नेछ।

घ. गाईको स्वास्थ्य लगायत अन्य पाविधिक परीक्षणको लागि देहायको गाई परीक्षण समिति रहनेछ ।

संयोजक – प्रमुख, राष्टिय पशु प्रजनन केन्द्र
सदस्य – अधिकृत पतिनिधि पशु स्वास्थ्य निर्देशनालय
सदस्य – प्रमुख केन्दिय गाई भैसी पवर्द्धन कार्यालय
सदस्य – अधिकृत प्रतिनिधि केन्दिय पशु क्वारेन्टाईन कार्यालय
सचिव सदस्य – वपविअ पशु उत्पादन निर्देशनालय

ङ. गाईको स्वास्थ्य लगायत अन्य परीक्षण गर्ने कार्यविधी यसै समितिले निर्धारण गर्नेछ ।

च. यस समितिले स्वीकृत भएका बोलपत्रदाताहरुमध्येबाट कृषकलाई बिकी गर्न लागिएका गाईहरुको मुंल्याकन गरी टयागिङ गर्नेछ।

अनुदान भुक्तानी पकृया

क. आवेदन स्वीकृत भएका कृषकहरुले तोकेको स्पेशिफिकेसन पुगेको र तोकेको फर्महरुमध्येबाट यस समितिले टयागिङ गरेका उन्नत कोरली गाई खरीद गर्नुपर्नेछ ।

ख. पशु उत्पादन निर्देशनालयबाट छनोट भएका आवेदनकर्ताहरुले तोकिएका फर्महरुबाट गाई खरीद गर्ने कार्य सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको समन्वयमा गर्नुपर्ने छ।

ग. यसरी निवेदन प्रास भएपछि पशु उत्पादन निर्देशनालयले आबश्यक परेमा जाँचबुझ गरी अनुदान वापतको रकम कृषकका बैक खातामा जम्मा गरिने छ ।

५.३ खरीद तथा कार्ययोजना तयार गर्दा प्रस्तावित अंकको बढीमा २.५ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिने छ । जुन रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि सम्बन्धित निर्देशनालयले खर्च गर्नेछ ।

५.४ अनुगमन तथा मूल्यांकनः यस कार्यक्रमको अनुगमन सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले गरी प्रतिवेदन प्रस्तुत गर्नेछ र सोही अनुसार केन्द्रिय समन्वय र अनुगमन समितिले समेत अनुगमन गर्नेछ ।

५.५ यस अनुदान कार्यकमलाई पभावकारी बनाउन देहाय बमोजिमको निर्देशन समिति रहनेछ ।

| | |
|---|---|
| महानिर्देशक, पशु सेवा विभागः | संयोजक |
| उपमहानिर्देशक, योजना | सदस्य |
| उपमहानिर्देशक, प्रशासन | सदस्य |
| कार्यक्रम निर्देशक पशु स्वास्थ्य निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक पशुपंक्षी बजार पवर्द्धन निर्देशनालय | सदस्य |
| कार्यक्रम निर्देशक पशु सेवा तालीम तथा पसार निर्देशनालय | सदस्य |
| प्रतिनिधि कृषि विकास मन्त्रालय योजना शाखा | सदस्य |
| कार्यक्रम निर्देशक पशु उत्पादन निर्देशनालय | सदस्य सचिव |

५.६ निर्देशन समितिको कार्य देहाय अनुसार हुनेछ ।

- मूल्यांकन समितिले तयार गरेको अनुदान पास गर्ने कृषकको नामावली अनुमोदन गर्ने ।
- खरीद पकृयामा देखा पर्ने बाधाहरु लाई फुकाउने ।
- कार्यकमको अनुगमन गर्ने ।
- गाई परीक्षण समितिलाई निर्देशन दिने ।

## परिच्छेद ६ उत्पादनशील बकेर्नो थारो भैसी संरक्षण कार्यक्रम सन्चालन विधि

६.१ कार्यक्रमको उद्देश्य

क. मासुको लागि उपयोग हुने उत्पादनशील वर्केनी भैंसीको बधलाई निरुत्साह गर्ने ।

ख. वर्केनी भैंसीलाई पुर्नउत्पादक बनाई उत्पादनशील बनाउने र दुग्ध उत्पादनमा वृद्धि गर्ने

६.२ कार्यक्रमको अवधिः

क. यो कार्यक्रमको अवधि बढिमा ५ बर्षको हुनेछ । कार्यक्रमको प्रभावकारीता र आवश्यकता अनुसार थप गर्न सकिनेछ ।कार्यक्रम सन्चालन भएको शुरुको आ.व. २०७२/७३ मा १० जिल्लामा कार्यक्रम सन्चालन गरिने छ भने आगामि आर्थिक वर्षसहरुमा आवश्यकता र सम्भावनाको आधारमा अन्य थप जिल्लाहरुमा कार्यक्रम सन्चालन गरीनेछ ।

ख. पहिलो चरणमा कार्यक्रम संचालन हुने जिल्लाहरु धनकुटा, सप्तरी, धनुषा, बारा, गुल्मी, पर्वत, दाङ्ग, कपिलवस्तु, डडेल्धुरा, बैतडी हुनेछन् ।

६.३ कार्यक्रम सञ्चालन क्षेत्र छनौट गर्ने आधारहरु

उत्पादनशिल बकेर्ना भैसी संरक्षण कार्यक्रम सन्चालन गर्न जिल्ला एवं पकेट क्षेत्र छनोट देहायका आधारमा कार्यालयबाट गरिनेछ ।

क. उन्नत नश्लका भैसी पर्याप्त संख्यामा रहेका र दुध थाकेपछि उत्पादनशिल बकेर्ना भैसीलाई मासुको लागि बिक्रि गरिने प्रचलन बढि रहेका जिल्ला तथा क्षेत्रहरु ।

ख. भविष्यमा कार्यक्रमलाई अझ विस्तार गर्न सकिने सम्भावना भएका क्षेत्रहरु ।

ग. सडक, संचार, सिंचाई, पिउने पानी र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको ।

घ. कार्यक्रम सन्चालन गर्दा तुलनात्मक रुपमा लाभ हुने क्षेत्रहरु ।

ङ. हरियो घाँसपात, पिउने पानि उपलब्ध हुन सक्ने स्थान ।

च. जिल्लामा रहेको वर्केनी भैंसीको पकेट क्षेत्र छनौट सम्बन्धित जिल्लाको पशु सेवा कार्यालयले गर्नेछ ।

६.४ कार्यक्रम सञ्चालन प्रकृया

क. जिल्ला पशु सेवा कार्यालयले कार्यक्रम संचालनका लागि अनुसूची ५ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ ।

ख. कार्यक्रममा सहभागि हुन ईच्छुक संस्थाहरुले अनुसुची ३ ढाँचामा संक्षिप्त कार्ययोजना बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा अनुसुची ६ बमोजिम निवेदन दर्ता गर्नु पर्नेछ ।

ग. जिल्ला पशु सेवा कार्यालयले दर्ता भएका प्रस्तावहरुको स्थलगत निरीक्षण गरी पशुपालन सर्वेक्षण प्रतिवेदन सहित जिल्ला स्थित पशु विकास कार्यदलमा स्वीकृतिको लागि पेश गर्ने छ ।

घ. जिल्ला स्थित पशु विकास कार्यदलले प्राप्त प्रस्ताव तथा कार्यक्रम सन्चालनको लागि पशुपालन सर्वेक्षण प्रतिवेदनको आधारमा अनुसूची १४ बमोजिम मूल्याङ्कन गरि साझेदारको छनौट गर्नेछ ।

ङ. जिल्ला पशु सेवा कार्यालय र छनौट भएका साझेदार संस्था बिच अनूसुची १० अनुसार सम्झौता गरी कार्यक्रम सन्चालन गरीनेछ ।

च. जिल्ला पशु सेवा कार्यालयले साझेदारबाट पेस भएको प्रस्तावित कार्यक्रम तथा बजेट जिल्ला पशु विकास कार्यदलको बैठकबाट अन्तिम रुप दिई अनुदान रकमको आधारमा कार्यक्रम स्वीकृत गर्ने ।

छ. जिल्ला पशु सेवा कार्यालयले दिने कूल रकमको २५% थप रकम सम्बन्धित निजी, समुह,समिति,सहकारी साझेदार संस्थाले जम्मा गर्नु पर्नेछ ।

ज. जिल्ला पशु सेवा कार्यालयबाट स्विकृत कार्यक्रम सन्चालन गरि खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहित पेस हुन आएमा जिल्ला पशु सेवा कार्यालयको प्रमुख वा निजले खटाएको सम्बन्धित अधिकृतले स्थलगत निरिक्षण गरी प्रमाणित भए पछि कार्यक्रमको लागि अनुदान रकम एकै पटक वा किस्ता स्वरुप उक्त खातामा जम्मा गरि दिनेछ । यसरी स्थलगत निरीक्षण गर्दा लाग्ने खर्च कन्टिन्जेन्सीका लागि छुटाएको रकमबाट खर्च गर्नुपर्नेछ।

झ. अनुदान रकमबाट भौतिक पूर्वाधार निर्माण, मेसिनरी औजार एवं टिकाउ हुने सामाग्रीहरुको लागि खर्च गर्नु पर्नेछ । साथै सो रकमको खर्च वर्केनी पशुलाई पुर्नउत्पादक वनाउन लाग्ने रकममा समेत खर्च गर्न सक्नेछ ।

ञ. वर्केनी भैंसीलाई पुर्नत्पादक वनाउन एक प्राविधिक विशेषज्ञदल रहनेछ, सोको संयोजन राष्ट्रिय पशु प्रजनन केन्द्र पोखराले गर्नेछ ।

६.५ कार्यक्रमको अनुगमन र समन्वयः

क. यस कार्यक्रमको समन्वय र अनुगमन केन्द्रिय गाई भैंसी प्रवर्धन कार्यालय र अनुगमन तथा समन्वय समितिले गर्नेछ ।

ख. सम्बन्धित कार्यक्रमको सार्वजनिक सुनवाई वार्षिक रुपमा सम्बन्धित साझेदार संस्थाले गर्नेछ ।

ग. कार्ययोजनाका लागि प्रस्ताव माग गर्नुपूर्व कुल बजेटको २.५ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिनेछ । जुन रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि सम्बन्धित कार्यालयले खर्च गर्नेछ ।

## परिच्छेद ७ मासुको लागि व्यवसायिक पाडापालन कार्यक्रम संचालन विधि

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

७.१ उद्देश्यः

क. मासुको लागि बध गरिने उत्पादनशील भैंसी कार्यलाई निरुत्साहित गर्ने ।

ख. मासुको लागि व्यवसायिक पाडापालन प्रवर्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने

ग. व्यवसायिक पाडापालनवाट युवा वर्गलाई लक्षित गरी स्वरोजगार प्रवर्धन गर्ने ।

७.२ कार्यक्रमको अबधिः

यो कार्यक्रमको अवधि बढिमा ५ बर्षको हुनेछ । कार्यक्रम सन्चालन भएको शुरुको आ.व. २०७२/७३ मा उपरोक्त छनौटको आधारमा कृ.ग तथा पशु आहारा विकास राष्ट्रिय अभियान संचालित जिल्लाहरुमा खुला प्रतिस्पर्धाका आधारमा कार्यक्रम सन्चालन गरिनेछन भने आगामि आर्थिक वर्षहरुमा आवश्यकता र सम्भावनाको आधारमा अन्य थप जिल्लाहरुमा कार्यक्रम सन्चालन गरीनेछ ।

७.३ कार्यक्रमको लागी जिल्ला तथा क्षेत्रहरु छनौंटका आधारहरुः

मासुको लागि पाडा हुर्काउने केन्द्र सन्चालन गर्न देहायको आधारमा जिल्ला एवं पकेट क्षेत्र छनौट गरिनेछ ।

क. पशुपालनमा संलग्न कृषक वा व्यवसायीहरु समुह, समिति, सहकारी आदि ।

ख. कार्यक्रम संचालन हुने स्थानहरुमा सडक, संचार र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको ।

ग. मासुको लागि पाडा हुर्काउने रुपमा जिल्लाको छनौट प्रथम चरणः झापा, मोरङ्ग, सुनसरी, ससरी, सिरहा, महोत्तरी, रौतहट, सर्लाही, वारा, पर्सा, नवलपरासी, कास्की, वाग्लुङ्ग, पर्वत, बाँके, वर्दिया, कैलाली, कपिलवस्तु, पाल्पा, धनुषा ।

घ. कार्यक्रम सन्चालन गर्दा तुलनात्मक रुपमा लाभ हुने क्षेत्रहरु ।

ङ. हरियो घाँसपात, डालेघाँस, पिउने पानी प्रशस्त उपलब्ध हुन सक्ने स्थान ।

च. विस्तार गर्न सकिने सम्भावना भएका क्षेत्रहरु ।

छ. विक्रि गर्ने वजारको व्यवस्था वा बध गर्ने बधशालाको व्यवस्थापन भएको ।

७.४ कार्यक्रम सञ्चालन प्रकृया

क. जिल्ला पशु सेवा कार्यालयले कार्यक्रम संचालनका लागि निजी कृषक, समुह, समितिबाट अनुसुची ५ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ ।

ख. कार्यक्रममा सहभागि हुन ईच्छुक संस्थाहरुले अनुसुची ३ को ढाचामा कार्ययोजना बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

ग. जिल्ला पशु सेवा कार्यालयले दर्ता भएका प्रस्तावहरुको स्थलगत निरीक्षण गरी पशुपालन सर्वेक्षण प्रतिवेदन सहित जिल्ला स्थित पशु विकास कार्यदलमा स्वीकृतिको लागि पेश गर्ने छ । यसरी स्थलगत निरीक्षण गर्दा लाग्ने खर्च कन्टिन्जेन्सीका लागि छुटाएको रकमबाट खर्च गर्नुपर्नेछ।

घ. जिल्ला स्थित पशु विकास कार्यदलले प्राप्त प्रस्ताव तथा कार्यक्रम सन्चालनको लागि पशुपालन सर्वेक्षण प्रतिवेदनको आधारमा अनुसूची १५ बमोजिम मूल्याङ्कन गरि साझेदारको छनौट गर्नेछ ।

ङ. जिल्ला पशु सेवा कार्यालय र छनौंट भएका साझेदार संस्था बिच अनूसुची १० अनुसार सम्झौता गरी कार्यक्रम सन्चालन गरीनेछ ।

च. जिल्ला पशु सेवा कार्यालयले साझेदारबाट पेस भएको प्रस्तावित कार्यक्रम तथा बजेट जिल्ला पशु विकास कार्यदलको बैठकबाट अन्तिम रुप दिई अनुदान रकमको आधारमा कार्यक्रम स्वीकृत गर्ने ।

छ. जिल्ला पशु सेवा कार्यालयबाट स्विकृत कार्यक्रम सम्बन्धित साझेदारले संचालन गरि खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहित पेस हुन आएमा जिल्ला पशु सेवा कार्यालयको प्रमुख वा निजले खटाएको सम्बन्धित अधिकृतले स्थलगत निरिक्षण गरी प्रमाणित भए पछि कार्यक्रमको अनुदान रकम एकै पटक वा किस्ता स्वरुप उक्त खातामा जम्मा गरि दिनेछ ।

ज. प्राप्त अनुदान रकमबाट भौतिक पूर्वाधार निर्माण, मेसिनरी औजार एवं टिकाउ हुने सामाग्रीहरुको लागि खर्च गर्नु पर्नेछ । साथै यो कार्यक्रम संचालन गर्ने साझेदार निकायले सम्पूर्ण खर्चको अनुपात कम्तीमा लागतको १:१ भएको हुनु पर्नेछ ।

झ. कार्यक्रमको कार्ययोजना तयार गर्दा गोठ निर्माण, ड्रेनेज व्यवस्थापन, गोवरपीट, व्यवस्थापन, पशु स्वास्थ्य व्यवस्थापन, घाँसको खेती मूल्य श्रृङ्खलामा अधारित व्यवस्थापन आदिको लागि वजेट खर्च गर्न सक्ने छ ।

ञ. कार्यक्रमको समन्वय अनुगमन र संयोजन केन्द्रिय गाई, भैंसी प्रवर्द्धन कार्यालयले गर्नेछ ।

ट. आवश्यकता अनुसार कार्यक्रमको अभिमुखिकरण, सिपविकास, प्रविधि परिचालन लगायत अनुगमनको कार्य पशु उत्पादन निर्देशनालयले गर्नेछ ।

७.५ कार्यक्रमको अनुगमन र समन्वयः

क. यस कार्यक्रमको समन्वय र अनुगमन केन्द्रिय गाई भैंसी प्रवर्द्धन कार्यालय र अनुगमन तथा समन्वय समितिले गर्नेछ ।

ख. सम्बन्धित कार्यक्रमको सार्वजनिक सुनवाई वार्षिक रुपमा सम्बन्धित साझेदार संस्थाले गर्नेछ ।

ग. कार्ययोजनाका लागि प्रस्ताव माग गर्नुपूर्व कुल बजेटको २.५ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिनेछ । जुन रकम अनुगमन, प्रतिवेदन तयारी, बैठक खर्च तथा अन्य प्रशासनिक कार्यको लागि सम्बन्धित कार्यालयले खर्च गर्नेछ ।

## परिच्छेद ८ व्यवसायिक बाख्रा प्रवर्द्धन राष्ट्रिय अभियान (Goat Mission)

## कार्यक्रम सञ्चालन विधि

८.१ उद्देश्यः

क. वाखापालनको व्यवसायिकरण गरी मासु उत्पादन उत्पादकत्वमा वृद्धि गर्ने ।

ख. वाखापालनको लागि नश्ल सुधार, आहारा व्यवस्थापन एवं श्रोत केन्द्र व्यवस्थापनमा जोड दिने ।

ग. मूल्य श्रृङ्खलामा अधारित व्यवसायिक वाखापालन प्रवर्द्धन गरी आयातको प्रतिस्थापन गर्ने ।

८.२ अवधिः

व्यवसायिक बाखा प्रवर्द्धन राष्ट्रिय अभियान (Goat Mission) कार्यक्रम को अवधि ५ बर्ष (आ.व. २०७२/०७३ देखि २०७६/७७ सम्म) को हुनेछ । यस कार्यक्रमको मध्यावधी समीक्षा गरी त्यसबाट प्राप्त प्रतिफलको आधारमा बाखा प्रवर्द्धनात्मक कार्यक्रमलाई दीर्घकालिन दृष्टिकोण सहित पशु सेवा विभागको नियमित कार्यक्रममा समावेश गरी निरन्तरता र दिगोपना प्रदान गरिनेछ ।

८.३ कार्यक्रम संचालन हुने स्थान

भौगोलिक वातावरणीय तथा प्राविधिक दृष्टि वाट वाखा पालनको लागि उपयुक्त जिल्लाहरुमा गोट मिसन कार्यक्रम लागु गरिनेछ ।

श्रोत केन्द्रः धनकुटा, उदयपुर, सर्लाही, धादिङ, सिन्धुपाल्चोक, स्याङ्जा, अर्घाखाची, गुल्मी, बाँके, डडेलधुरा

व्यवसायिक फार्मः ओखलढुगा, महोत्तरी, नुवाकोट, गोरखा, चितवन, पर्वत, कास्की, तनहु, जाजरकोट, डोटी

प्रथम कार्यक्रम संचालन हुने जिल्लाहरुः २० जिल्लाहरु
अगामी वर्षहरु प्रतिफलको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गरिने छ ।

८.४ कार्यक्रम संचालन प्रकृया

८.४.१ सामुदायिक वाखा स्रोत केन्द्र स्थापना तथा व्यवस्थापनः

सामुदायिक वाखा स्रोत केन्द्र स्थापना तथा व्यवस्थापन कार्यक्रम संचालन प्रकृया "सामुदायिक वाखा स्रोत केन्द्र विकास कार्यक्रम संचालन निर्देशिका २०७०" वमोजिम हुनेछ ।

८.४.२. ब्यवसायिक बाखा फार्म सुदृढिकरण तथा बाख्राको जातिय सुधार कार्यक्रमः

व्यवसायिक फार्मको वर्गिकरणः व्यवसायिक वाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिएको छ ।

१. निजी व्यवसायिक बाखा पालन फार्मः कम्तीम ५० वटा प्रजनन्योग्य माउ वाखा पालन गरिरहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरु ।

२. समुह वा समितिमा संचालन हुने व्यवसायिक वाखापालन फार्महरुः प्रत्येक कृषक सदस्यसंग औषतमा १० वटा प्रजनन् योग्य माउ वाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शूरु गर्ने समुह/समिति अन्तरगतका फार्महरु ।

३. सहकारीमा संचालन हुने व्यवसायिक वाखापालन फार्महरुः कम्तीमा २५ जना सदस्य रहेको सहकारी संस्थाका प्रत्येक सदस्यसंग औषतमा १० वटा प्रजनन् योग्य माउ वाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शूरु गर्ने सहकारी फार्महरु ।

ख व्यवसायिक फार्म सुदृढिकरण कार्यक्रम संचालन प्रकृया

व्यवसायिक फार्महरुको गरी रजिष्टेशन गरी अद्यावधिक गर्ने ।र कार्यकम सञ्चालनको लागि एक जिल्लाले ५ फार्महरु पर्वद्धन गर्नुपर्नेछ ।

व्यवसायिक फार्मका छनौटका आधारहरुः व्यवसायिक फार्महरुको छनौटका आधारहरु देहाय वमोजिम हुनेछ

- कुनैपनि सरकारी निकायमा वा जिल्ला पशु सेवा कार्यालयमा विधिवत दर्ता भई दफा ८.४.२ (क) वमोजिम स्थापित वाखापालन फार्महरु हुनुपर्नेछ ।
- बाखा संख्याको आधारमा प्रयास घाँस खेती भएको वा हुनसक्ने क्षेत्र हुनुपर्नेछ ।
- खोर निर्माणको लागि प्राविधिक दृष्टिकोणवाट सुहाउदो ठाउँ हुनुपर्नेछ ।
- मुल्य श्रृंखलामा आधारित बाखा तथा वाखाजन्य उत्पादनको सम्भाव्यता भएको क्षेत्र हुनुपर्नेछ ।
- जैविक सुरक्षा (Bio Security) का उपायहरु अवलम्वन गरेको हुनुपर्नेछ ।

क. छनौट भएका फार्मसँग संझौता गरि कार्यक्रम संचालन गरिनेछ । फार्मको कार्य प्रगतिको आधारमा आगामी वर्षहरुमा पुनः सम्झौता गरी कार्यक्रम अगाडी वढाईनेछ ।

ख. छनौट गरिएका फार्महरुमा भएका प्रजननयोग्य वोका र माउ वाखाको छनौट तथा ट्यागिड. गर्ने । प्रजनन अयोग्य कम उत्पादनशिल वोकाहरुलाई क्याष्ट्रेशन गर्ने तथा पाठीहरुलाई हटाइने छ

ग. वर्षमा ३ पटक आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण कार्यक्रम संचालन गर्ने

घ. घाँस विकास गर्ने (हिउदे, बर्षे तथा बहुबर्षे)

ङ. व्यवसायिक वाखापालन, डाटा व्यवस्थापन तथा उत्पादनशिल वाखाको छनौट प्रविधि संवन्धि कृषक/उद्यमी स्तर तालिमहरु संचलन गर्ने ।

च. उच्च उत्पादन क्षमता भएका प्रजनन् योग्य माउ वाखामा हिट सिंक्रोनाईजेशन तथा कृत्रिम गर्भाधानका कार्यक्रमहरु संचालन गर्ने ।

छ. नियमित रुपमा फार्ममा भएका वाखाको उत्पादकत्व अभिलेखीकरण, विश्लेषण र प्रेषण गरिनेछ । यसको लागि नियमित रुपमा केन्दिय भेडाबाखा पवर्द्धन कार्यालयले तोकेको ढाचामा विवरण तयार गरिने छ ।

ज. छनौट भएका वाखा फार्महरु एवं वरिपरिका अन्य फार्महरुमा अनिवार्य रुपले पी.पी.आर. विरुद्ध खोप लगाइने छ ।

झ. वाखा फार्महरुको मासिक अभिलेखीकरण, प्रतिवेदन प्रेषण गर्ने कार्यको लागि सम्बन्धित साझेदार निकायवाट व्यवस्थापन गर्नुपर्नेछ, सो को लागि सहजकर्ता नियूक्त गर्न सक्नेछ ।

ञ. वाखा मिसन संचालन गर्न एवं प्रविधि व्यवस्थापनको लागि कृषक पाठशाला गठन हुनेछ र सोको संयोजन केन्द्रिय भेंडा वाखा प्रवर्द्धन कार्यालयले गर्नेछ ।

८.४.३. कार्यक्रमवाट उपलव्ध गराईने अनुदान तथा सामाग्रीहरु निम्नानुसार हुनेछ।

- खोर निर्माण सुधार अनुदान
- ट्याग तथा ट्यागिङ्ग मेशिन
- बर्डिजोक्याष्ट्रेटर,
- वईङ्ग ब्यालेन्स,
- डिपिङ्ग ट्याङ्क निर्माणको लागि अनुदन/पोर्टेवल डिपिङ्ग ट्याङ्क
- घाँसको विरुवा तथा विउ विजन
- युरिया मोलासेस मिनरल ब्लक
- आन्तरिक वाह्य परजिवी विरुद्ध औषधिहरु
- खोप
- कृत्रिम गर्भाधान सेवा / प्राकृतिक गर्भाधान सेवाको लागि प्रजनन् योग्य वोकाको लागि अनुदान
- कृ.ग.का सामाग्रीहरु
- रेकर्डिङ्ग फर्मेटहरु
- विभिन्न प्राविधिक पाठ्य सामाग्रीहरु आदी ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

८.४.४ बाख्रा नश्लसुधार तथा कृत्रिम गर्भाधान कार्यक्रमः

क. सरकारी वाख्रा विकास फार्महरु बुढीतोला तथा चित्लाङ्गमा उच्च उत्पादन क्षमता भएका (वोयर र सानन्) जातका वाख्राहरुको न्यूक्लियस हर्डको व्यवस्थापनको लागि स्टक विस्तार गर्ने । यस्ता स्टकहरु आवश्यकता अनुसार सम्बन्धित जिल्लाको माग अनुसार वोका हस्तातरण, वितरण एवं प्रतिस्थापन गरिने छ ।

ख. उच्च उत्पादन क्षमता भएका वाख्रावाट जन्मेका बोकाहरुको उपलव्धता वढाउन निजी तथा सामुदायिक बाख्रा स्रोत केन्द्रहरुमा कृत्रिम गर्भाधानको कार्यक्रमलाई व्यापकता दिनेगरी कार्यक्रम संचालन गरिनेछ ।

ग. छनौट गरिएका व्यवसायिक फार्महरु सरकारी तथा अनुसन्धान केन्द्र स्थित बाख्रा फार्महरु, साथै सामुदायिक तथा निजी बाख्रा स्रोतकेन्द्रहरुमा कृत्रिम गर्भाधान कार्यक्रमहरु संचालन गरिनेछ ।

घ. कृत्रिम गर्भाधान सेवा संचालन गर्न नसकिने स्थान विषेशका व्यवसायिक फार्महरुमा उन्नत तथा गुणस्तरिय वोका व्यवस्थापनको लागि रु १५०००। सम्म प्रति वोकाका दरले अनुसुची १२ सम्झौता गरी अनुदान उपलव्ध गराउने ।

८.४.५. बाख्रा वजारीकरण प्रवर्द्धन कार्यक्रम

क. खसी वोका, बाख्रा तथा पाठा पाठी को विक्री वितरणको लागि बाख्रा स्रोत केन्द्र /व्यवसायिक बाख्रा फार्म र बाख्रा विकासमा संलग्न सरकारी तथा गैर सरकारी संघ संस्था एवं कृषक वीच समन्वय गराईनेछ । यस किसिमको समन्वय र संयोजन गर्ने कार्य केन्द्रिय भेंडा वाख्रा प्रवर्द्धन कार्यालय एवं सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले गर्नेछ ।

ख. निजी समुह, समिति तथा सहकारी संगको सहकार्यमा होल्डीङ यार्ड तथा खसी वोका संकलन केन्द्र स्थापना तथा संचालनको लागि पशु पंछी प्रवर्द्धन निर्देशनालयको नर्मस तथा निर्देशिका वमोजिम संचालन गरिनेछ ।

ग. मूल्य श्रृङ्खलामा अधारित व्यवसायिक वाख्रापालन कार्यक्रम संचालन गर्न प्रचलित नर्मस अनुसार हनेछ वा सो नभए आवश्यता अनुसार पशु उत्पादन निर्देशनालयको समन्वयमा पशु सेवा विभागवाट मापदण्ड स्वीकृत गराई कार्यक्रम संचालन गर्नेछ ।

८.४.६.क्षमता अभिवृद्धि तथा जनशक्ति विकास कार्यक्रम

प्राविधिक, कृषक तथा उद्यमी स्तर बाखापालन तालीम साथै सहायकस्तर बाख्रामा कृ.ग. संवन्धि तालिम, मासु प्रशोधन तालीम तथा कृषक तथा प्राविधिकस्तर भ्रमण जस्ता क्षमता अभिवृद्धिका कार्यक्रमहरु केन्द्रस्तर, जिल्ला स्तर र स्थलगत रुपमा गरी तालिम तथा प्रसार निर्देशनालयको नर्मस तथा निर्देशिका वमोजिम संचालन गरिने छ ।

८.४.७. कार्यक्रमको अनुगमन

वाख्रा मिसन कार्यक्रमको अनुगमन सम्बन्धित जिल्लाले मासिक रुपमा केन्द्रिय भेंडा वाख्रा प्रवर्धमन कार्यालयले चौमासिक रुपमा एवं पशु उत्पादन निर्देशनालयले आवश्यकता अनुसार अनुगमन गरी प्रतिवेदन प्रस्तुत गर्नेछ ।

८.४.८. सार्वजनिक सुनवाई सम्बन्धित कार्यक्रमको सार्वजनिक सुनवाई वार्षिक रुपमा साझेदार संस्थाले गर्नेछ, सोको समन्वय केन्द्रिय भेंडा वाख्रा प्रवर्धमन कार्यालयले गर्नेछ ।

८.४.९. यस कार्यक्रमवाट मासिक रुपमा संकलन हुने रेकर्डको डाटाईन्ट्रि, व्यवस्थापन तथा विश्लेषण गर्ने कार्य केन्द्रिय भेंडा वाख्रा प्रवर्द्धन कार्यालयले गरी चौमासिक रुपमा पशु उत्पादन निर्देशनालयमा प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद ९ पिग एण्ड पोर्क सूधार कार्यक्रम

(बङ्गुर व्यवसाय सूधार कार्यक्रम राष्ट्रिय अभियान) संचालन कार्यविधि, २०७२

९.१ उद्देश्यः

क. मूल्य श्रृङ्खलामा अधारित व्यवसायिक वंगुरपालन र उत्पादन प्रवर्धमन गर्ने ।

ख. छाडा वंगुरपालनलाई निरुत्साह गर्ने र स्वच्छ तथा स्वस्थ्य वंगुर मासु उत्पादनको प्रवर्धमन गर्ने

ग. वंगुरपालन व्यवसायलाई युवा लक्षित आय आर्जत एवं स्वरोजगार प्रवर्धमन उद्यमको रुपमा व्यवस्थापन गर्ने ।

९.२ व्यावसायिक ब्रिडर फार्म सुदृढिकरण कार्यक्रम संञ्चालन प्रकृया

क. कार्यक्रम संचालन हुने जिल्लाहरुः ‌प्रथम वर्ष १० जिल्लाः झापा, सुनसरी, चितवन, काभ्रेपलाञ्चोक, कास्की, तनहूं, बांके, बर्दिया, दाङ र कैलाली । (आगामी वर्षहरुमा जिल्ला र फार्म संख्या क्रमशः थप गर्दै जाने)

ख. कार्यक्रम संचालन अबधि ५ वर्ष

ग. लक्षित वर्गः व्यावसायिक रुपमा कम्तिमा एक वर्षदेखि ब्रीडर बंगुरपालन गर्दै गरेका र व्यावसायिकताको स्तर भविष्यमा अझ वृद्धि हुने सम्भावना भएका, रोड कोरिडोर लक्षित र सम्बन्धीत काममा दक्षता हासिल गरेका निजी रुपमा सञ्चालित

फार्म वा समूहगत वा सहकारीमा आबद्ध भई सञ्चालन गरेका व्यवसायीहरुलाई कार्यक्रममा संलग्न गराइने छ । साथै सवै सामाजिक समुहका कृषकहरुलाई समावेश गराउन सकिनेछ ।

घ. कार्यक्रम संचालन गर्न व्यावसायिक बंगुरपालनको वर्गीकरणः—

यस कार्यक्रम संचालन गर्नको लागि बंगुर फार्मलाई निम्न २ प्रकारमा वर्गिकृत गरिने छः—

घ१. मल्टिप्लिकेशन फार्मः

यस कार्यक्रमको प्रयोजनको लागि कम्तिमा एक वर्षदेखि बंगुर पालन गरिरहेको र पाठापाठी उत्पादन (Breeding) का लागि कम्तीमा १५ वटा प्रजननयोग्य माउ बंगुर पालन गरेको हुनुपर्नेछ

घ२. पिगलेट उत्पादन फार्मः

यस कार्यक्रमको प्रयोजनको लागि कम्तिमा एक वर्षदेखि बंगुर पालन गरिरहेको र पाठापाठी उत्पादन (Breeding) का लागि कम्तीमा ५ वटा माउ बंगुरपालन गरेको हुनुपर्नेछ ।

ङ. कार्यक्रमबाट उपलब्ध गराइने रकम

(ङ.१) मल्टिप्लिकेशन फार्मको सुदृढिकरणको लागि बढिमा रु.४,००,००० (चार लाख) मात्र ।

(ङ.२) पिगलेट उत्पादन फार्मको सुदृढिकरणको लागि बढिमा रु.२,००,००० (दुई लाख) मात्र

च. रकमको उपयोग

यस कार्यक्रमबाट उपलब्ध गराईने रकम प्रस्तावित फार्मले आवश्यकता अनुसार खोर तथा जैविक सूरक्षामा सूधार, गोबर ग्यांस प्लाण्ट निर्माण, हर्ड हेल्थ प्याकेजका लागी साथै फिड सप्लिमेण्ट, भिटामीन, खनिज, दाना उत्पादन गर्ने ग्रेण्डर मिक्चर तथा खर्च भएर नजाने अन्य उपकरण सामाग्री आदि खरिद गर्नको लागी खर्च गर्न पाइने छ । तर यसबाट भाले वा पोथी बंगुर वा पाठापाठी वा दाना खरिद गर्न पाइने छैन । अनुदान प्राप्त फार्मले कम्तिमा पनि अनुदान बराबरको रकम आफ्नो श्रोतबाट व्यवस्था गरेको हुनुपर्नेछ । अनुदान प्राप्त फार्मले केन्द्रबाट तोकिएको प्रजनन विधि तथा प्रकृया पालना गर्नुपर्नेछ ।

छ. प्रस्ताव आहावान्ः

प्रत्येक वर्ष निजी वा साझेदारी वा सहकारी व्यावसायिक बंगुर फार्महरुबाट प्रस्ताव आह्वान गरिने छ । उक्त प्रस्तावको आह्वान पशु उत्पादन निर्देशनालय वा केन्द्रीय बंगुर कुखुरा प्रबद्र्धन कार्यालय वा सम्बन्धित जिल्ला पशुसेवा कार्यालयवाट प्रकाशन गरिने छ । प्रस्ताव आह्वानको सूचना अनुसूची १ अनुसार हुने छ । ईच्छुक व्यावसायिक कृषकहरुले तोकिएको बमोजिम प्रस्तावमा संलग्न हुनु पर्ने कागजात सहित निवेदन पेश गर्दा तोकिए बमोजिमको कार्ययोजना सहित प्रस्ताव पेश गर्नु पर्नेछ । प्रस्ताव पेश गर्दा एक वटा मल्टिप्लिकेशन फार्मसंग सकेसम्म नजिकका ५ वटा प्रस्तावित पिगलेट उत्पादन फार्म मिलेर एक समूह बनाई अनुसूची २ बमोजिम संयुक्त रुपमा एउटा प्रस्ताव पेश गर्नुपर्नेछ र मूल्यांकन गर्दा यसलाई नै एक प्रस्ताव मानी मूल्यांकन गरी समुहगत रुपमा बढी अक प्राप्त गर्ने फार्महरुको समुहलाई छनौट गरिनेछ । एउटा फार्मले प्रस्ताव गरिएको समूहमा अन्य कुनै पनि फार्म नदोहोरिने गरी बढीमा तीनवटा अलग अलग समूहमा आबद्ध भई छुट्टाछुट्टै प्रस्ताव पेश गर्न सक्नेछन् । पिगलेट उत्पादन फार्मले आफ्नो फार्मबाट मासु उत्पादन (Fattening ) को लागी बंगुरका पाठापाठी उपलब्ध गराउने कम्तिमा ५ वटा fattening फार्म धनीको नाम, ठेगाना, फोन नं. र पाठापाठी खरिद गर्ने उक्त fattenign फार्म धनीको खरिद ईच्छापत्र संलग्न भएको प्रस्तावलाई प्राथमिकता दिइनेछ ।

ज.प्रस्ताव मुल्यांकनः—

१)प्रस्ताव आह्वान भए बमोजिम निर्धारित मिति र समयभित्र पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ ऐ नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले सिफारिश सहित सो को विवरण केन्द्रीय बंगुर कुखुरा प्रबद्र्धन कार्यालय र पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

२) प्राप्त प्रस्तावहरुको छानवीन, स्थलगत निरीक्षण गरी तोकिएका आधारहरु बमोजिम मूल्यांकन गर्नको लागी तपसील अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहनेछ ।

मुल्यांकन समितिको बनोटः

| | | |
|---|---|---|
| क सम्बन्धीत जिल्ला पशु सेवा कार्यालयको प्रमुख | संयोजक | १ |
| ख पशु उत्पादन निर्देशनालयले तोकेको अधिकृत स्तरको प्रतिनिधि | सदस्य | १ |
| ग मिशन कार्यक्रमको फोकल अधिकृत | सदस्य सचिव | १ |

झ. मूल्यांकनका आधारहरु

मूल्यांकनका आधारहरु समन्वय तथा अनुगमन समितीले तोके अनुसुची ८ अनुसार हुनेछन् ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

ञ. प्रस्तावहरुको स्वीकति

१) मूल्यांकन समितिले मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृती÷अनुमोदनका लागि पशु विकास कार्यदल÷जिल्ला कृषि विकास समितिमा पेश गर्नु पर्नेछ र सो को जानकारी पशु उत्पादन निर्देशनालय र केन्द्रिय बंगुर कुखुरा प्रवद्र्धन कार्यालयलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२) स्वीकृती÷अनुमोदनका लागि पशु विकास कार्यदल÷जिल्ला कृषि विकास समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल÷जिल्ला कृषि विकास समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल÷जिल्ला कृषि विकास समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची ४ बमोजिम संझौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

ट. छनौट भएका व्यवसायीहरुसँग सम्झौताः

कार्यालयले छनौट गरिएका प्रस्तावकलाई सम्झौता गराई कार्य गर्न लगाउने छ । छनौट भएका फार्मले प्रगति विवरण सम्बन्धीत जिल्ला पशु सेवा कार्यालयमा पठाउनु पर्नेछ ।

ठ. छनौट भएका व्यावसायीलाई रकम उपलब्ध गराउने तरिका

छनौट भएका व्यावसायीलाई दफा ४ (ङ) अनुसारको रकम ब्यक्ति÷फार्मको खातामा जि.प.से.का.ले प्रस्तावित कार्य सम्पन्न गर्न तोकिएको संख्या अनुसार बंगुर विमित भएको प्रमाण पत्र समेत पेश भएपछि एकै पटकमा उपलब्ध गराउने छ ।

ड. साझेदारी

छनौट भएका बंगुरपालन फार्महरुले माथि उल्लेखित कार्यक्रमहरु सम्पन्न गर्दा विनियोजित बजेटको कम्तिमा ५०% रकम बराबरको साझेदारी गर्नु पर्नेछ । उक्तानुसारको रकम बैंकमा मौजुदा रहेको प्रमाण प्राप्त भए पछि वो फार्मको भौतिक सामाग्री, उपकरण वा श्रमको मूल्यांकन गरी कम्तिमा उक्त रकम बराबर रहेको आवस्त भएमा मात्र विनियोजन गरिएको रकम भुक्तानी दिईनेछ । आवश्यक परेमा फार्म भ्रमण गरी निरीक्षण समेत गर्न सकिनेछ ।

९.३ बङ्गुर व्यवसाय प्रबद्र्धन कार्यक्रम (राष्ट्रिय अभियान) अन्तरगत विद्यमान/प्रचलित कार्यविधि, प्रकृया र नर्मस्लाई नै पालना गरी केन्द्र तथा जिल्लाबाट गरिने अन्य महत्वपूर्ण कार्यहरु

- क. नार्क तथा अन्य सरोकारवालाहरुसंगको सहकार्य तथा संलग्नतामा प्रचलित कार्यविधि तथा प्रकृया बमोजिम बंगुरमा प्रजनन व्यवस्थाको रणनैतिक स्पष्टताको लागी केन्द्रले रणनीति खाका तयार गरी औपचारिकता दिइनेछ ।
- ख. केन्द्रबाट “न्यूक्लियस फार्म” हरु तोकिनेछन् । सो “न्यूक्लियस फार्म” संग अनुदान प्राप्त “मल्टिप्लिकेशन फार्म”हरु र “मल्टिप्लिकेशन फार्म”संग “पिगलेट उत्पादन फार्म” तोकिएको प्रजनन विधि अनुसार सम्बन्ध गांसी समन्वयमा कार्य गर्नेछन् ।
- ग. बंगुरपालनको व्यावहारिक मापदण्ड÷असल बंगुरपालन अभ्यास लागु गराउनेः
- घ. मापदण्ड÷असल अभ्यासको म्यानुअल तयारी, प्रकाशन केन्द्रले गरी फार्महरुलाई उपलब्ध गराइने छ।
- ङ. प्राविधिक सूचना प्याकेज (टुलकिट) तयारी, प्रकाशन गरी केन्द्रले फार्महरुलाई उपलब्ध गराइने छ।
- च. छनौट गरिएका फार्मका सञ्चालकलाई जिल्लासंग समन्वय गरी केन्द्रबाट व्यावहारिक तालिम प्रदान गरिनेछ ।
- छ. स्थलगत रुपमा समस्या समाधान तथा अभिमूखीकरण जिल्लाबाट गरिनेछ ।
- ज. नियमित रुपमा सूधारको मापन जिल्लाले गर्नेछ । केन्द्रले त्यसको अभिलेखीकरण र विश्लेषण गर्नेछ ।
- झ. बंगुर तथा पोर्कको बजार प्रबद्र्धनात्मक कार्यहरु केन्द्र तथा जिल्लाहरुबाट सञ्चालन गरिनेछ ।
- ञ. सूचना तथा रिपोर्टिंग प्रणालीलाई व्यवस्थित गराउन केन्द्रमा सफ्टवेयर निर्माण, जडान तथा उपयोग गरिनेछ । सो सफ्टवेयर वेभ प्रणालीमा आधारित हुने भएकोले जिल्लाले डाटा प्रविष्ट गर्न सो को उपयोग गर्नेछ ।
- ट. मूल्य श्रृंखला सूधार गर्न जिल्लास्तर र केन्द्रमा मुल्य श्रृंखलाका सरोकारवालाहरुहरु सम्मिलित जिल्ला तथा केन्द्रीय बंगुर व्यवसाय समन्वय समिति गठन गरी आवश्यक विषयहरुमा नियमित छलफल गराउने संरचना निर्माण गरिनेछ । पशुपंक्षी बजार प्रबद्र्धन निर्देशनालय तथा अन्य सम्बन्धित निकाय÷संघसंस्थाहरुसंग समन्वय गरी बंगुरको बधशाला ÷बधस्थल, शीत भण्डार आदि निर्माण गराउन सहजीकरण गरिनेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

९.४ रिपोर्टिंग तथा अनुगमन मूल्यांकन व्यवस्था

क. फार्महरुको व्यवस्थापकीय र प्राविधिक अवस्थाको मूल्यांकन गर्न केन्द्रले फार्म अडिटिंग प्रोटोकल तयार गरी जिल्लालाई उपलब्ध गराउने छ ।

ख. त्यसको आधारमा कार्यक्रमको शुरुमा अनुदान प्राप्त फार्महरुको फार्म अडिटिंग गरी आधारभूत तथ्यांकको रुपमा जिल्लाले प्रतिवेदन केन्द्रमा प्रेषित गर्नेछ ।

ग. नियमित रुपमा तोकिएको फर्मेटमा फार्महरुको व्यवस्थापकीय र प्राविधिक अवस्थामा सूधारको मापन गरी प्रतिवेदन जिल्लाले केन्द्रलाई प्रेषित गर्नेछ ।

घ. कार्यक्रमको नियमित प्रगति प्रतिवेदन कृषि विकास मन्त्रालय र पशु सेवा विभागको कार्यक्रम अनुगमन मूल्यांकनको तोकिएको विधि अनुसार क्षेपसेनि र केन्द्रीय बंगुर कुखुरा प्रवद्र्धन कार्यालयलाई प्रेषित गर्नेछ ।

ङ. पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयहरुबाट नियमित अनुगमन गरिनेछ । आवश्यकता अनुसार बंगुर व्यवसायी संघ र अन्य सरोकारवाला निकायहरुबाट समेत बाह्य अनुगमनको व्यवस्था गरिनेछ । सम्बन्धित अनुदान प्राप्त किसानले अनुसूची ५ बमोजिम चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी पेश गर्नुपर्नेछ ।

च. अनुदान प्राप्त गरेका र नगरेका ब्रिडर तथा फ्याटेनिंग फार्महरुलाई सघन प्राविधिक सेवा प्रदान गर्न, प्राप्त गरेको अनुदानको उपयोग सही किसिमले गरे नगरेको नियमित सूपरिवेक्षण गर्न तथा सूधारको मापन गरी रिपोर्टिंग गर्ने कार्यमा जिल्ला पशु सेवा कार्यालयलाई सहयोग गर्न करारमा प्राविधिक सेवा उपलब्ध गराइनेछ । केन्द्रीय बंगुर कुखुरा प्रवद्र्धन कार्यालयको डाटा रकर्डिंग तथा प्रशोधन तथा विश्लेषण गर्ने कार्यलाई प्रभावकारी बनाउन डाटा व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा करारमा व्यवस्था गरिनेछ ।

## परिच्छेद १0 दुग्ध सहकारी प्रवर्द्धन कार्यक्रमः

१०.१ उद्देश्यः

क. दुग्ध सहकारीहरुलाई थप प्रवर्द्धन गर्दै दुध उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

ख. दुग्ध सहकारी संस्थाहरुलाई सुदृढीकरण तथा सवलीकरण गरी दुध संकलन वाजारीकरण तथा विविधिकरणमा जोड दिने ।

ग. सहकारी संस्थाहरुवाट संकलन हुने दुध स्वस्थ्य र स्वच्छ हुन मद्दत गर्ने ।

१०.२ कार्यक्रम संचालन प्रक्रियाः

विनियोजित वजेटको सिमाभित्र रहने गरी दुग्ध सहकारी संस्थाहरुलाई प्रवर्धमन गर्ने गरी पशु उत्पादन निर्देशनालयले कार्ययोजना तयार गर्नेछ ।

क. कार्यक्रम संचालन हुने जिल्लाहरुको छनौट अनुगमन तथा समन्वय समितिले गर्नेछ । जिल्लाहरु छनौट गर्दा गत विगतमा यस किसिमको कार्यक्रमहरु संचालन नभएका जिल्ला दुग्ध सहकारी संघ सक्रियतापूर्वक दुध तथा दुग्धजन्य पदार्थको उत्पादन र बजारीकरण भूमिका निर्वाह गरेको हुनुपर्छ । यसरी जिल्ला छनौट गर्दा सम्बन्धित समितिले केन्द्रिय दुग्ध सहकारी संघ, राष्ट्रिय दुग्ध विकास वोर्ड एवं दुग्ध विकास संस्थान सित समन्वय गर्न सक्नेछ ।

ख. छनौट भएका जिल्लाहरुवाट दुग्ध सहकारी संघ छनौट गर्ने काम जिल्ला पशु विकास कार्यदलको हुनेछ । यस्ता संस्था छनौट गर्दा सक्रिय रुप कार्यरत रहेका यस्तै प्रकृतिका अनुदान विगत दुई वर्ष देखि प्राप्त गर्न नसकेकाहरु मध्येवाट लिनुपर्ने हुन्छ । जिल्लालाई आवश्यक परे छनौटको लागि सूचना समेत प्रकाशन गर्न सक्नेछ र प्राप्त आवेदन उपर प्रतिस्पर्ध मूल्यांकन गरी छनौट गर्न सक्नेछ ।

ग. छनौट भएका दुग्ध सहकारी संस्थाहरु तपशिलका क्रियाकलापमा आधारित रही कार्ययोजना बनाउन सक्नेछ ।

- गोठ सुधार, ड्रेनेज सुधार, मलमुत्र व्यवस्थापन
- गोवर ग्यास व्यवस्थापन
- गोठ सफा सुग्धर राख्न भ्याट वितरण लगायत अन्य उपकरण वितरण
- दुग्ध सहकारी संध कार्यालयलाई सामुहिक रुपमा चाहिने मिल्क क्यान, गोठ सुधार, ड्रेनेज सुधार, मलमुत्र व्यवस्थापन
- मिल्क स्क्यानर, प्रिन्टर, कम्प्यूटर आदि ।
- सफा र स्वस्थ्य दुध उत्पादनको लागि जैविक सुरक्षाका उपकरणहरु ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

- कृत्रिम गर्भाधान एवं पशु आहारा व्यवस्थापनका सामाग्रीहरु ।
- पशु स्वास्थ्य व्यवस्थापन लगायतका अन्य सामाग्रीहरु ।
- दुधजन्य पदार्थको विविधिकरण गर्न चाहिने उपकरणहरु, डेरी स्टल प्रवर्धन आदि ।
- प्रविधि हस्तारन्त्रण तथा अवलम्बनका अन्य उपकरण र सामाग्रीहरु ।

घ. माथि उल्लेखित उपकरण तथा सामाग्री वितरण निजी वा सामुहिक रुपमा सम्बन्धित जिल्ला पशु सेवा कार्यदलको निर्णयानुसार गर्नेछ ।

ङ. जिल्लाहरुवाट प्राप्त कार्ययोजना एवं माग अनुसार पशु उत्पादन निर्देशनालयले प्रचलित सार्वजनिक ऐन तथा नियमावली अनुसार खरीद गर्नेछ र वितरण गर्नेछ । यस्ता सामाग्री वा उपकरण खरीद गर्दा कुनै दुग्ध सहकारी संस्थाले मूल्यमा सहकार्य गर्न चाहेमा सोही अनुसार पशु उत्पादन निर्देशनालयले सामाग्री वा परल मूल्यमा सहकार्य गर्न सक्नेछ ।

च. पशु उत्पादन निर्देशनालयले हस्तान्तरण गरेका सामाग्री वा उपकरण सम्बन्धित दुग्ध सहकारी संघले निर्देशनालयसित गरेको सम्झौता अनुसार आम्दानी बाँढी वितरण वा कार्यमा उपयोग गर्नुपर्नेछ । सम्झौता वितरित सामाग्री वा उपकरण दुरुपयोग भएको पाइएमा सम्बन्धित कार्यालयले जफत गर्न सक्नेछ र सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ ।

छ. उपलब्ध गराइएको सामाग्री वा उपकरणमा पशु उत्पादन निर्देशनालय जिल्ला पशु सेवा कार्यालयवाट अनुदान प्राप्त भनी लेखिएको हुनुपर्छ ।

१०.३ अनुगमन तथा मूल्यांकनः यस कार्यक्रमको अनुगमन जिल्ला पशु सेवा कार्यालयले चौमासिक रुपमा गरी सोको उपयोग र अवस्था वारे पशु उत्पादन निर्देशनालयमा प्रतिवेदन पठाउनु पर्नेछ । पशु उत्पादन निर्देशनालयले वार्षिक रुपमा गर्नेछ र सम्बन्धित सहकारी वार्षिक रुपमा सार्वजनिक सुनवाई गर्नेछ ।

## परिच्छेद ११. कृषि पर्यटन प्रवर्द्धनका लागि ग्रामीण कुखुरा विकास कार्यक्रम

११.१. उद्देश्यः

क. ५० भन्दा वढी संख्यामा रहेको ग्रामिण कुखुरा प्रवर्द्धन र उत्पादन वृद्धि गर्ने ।

ख. पशु आनुवांशिक श्रोत संरक्षण, उपयोग र रुपमा स्थानिय जातका कुखुराहरुलाई वढावा दिने र यसको विकासको लागि कृषि पर्यटन सित जोडेर एकिकृत विकास गर्ने ।

ग. खाद्य पोषण सुरक्षाको लागि ग्रामिण कुखुरा विकास गर्ने र पर्यटन फस्टाएको स्थानमा व्यवसायिकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने ।

११.२ कार्यक्रम संचालन विधिः

क. कृषि पर्यटन प्रवर्धन का लागि ग्रामीण कुखरा विकास कार्यक्रमको लागि जिल्ला छनौट गर्ने कार्य समन्वय र अनुगमन समितिले गर्नेछ ।

ख. ११.२ (क) अनुसार जिल्ला छनौट गर्दा पशु उत्पादन निर्देशनालयले सम्भावित जिल्ला र सोको होमस्टेका स्थानहरुको चेकलिष्ट तयार गर्नेछ ।

ग. जिल्लाहरुको छनौट गर्दा सर्वाधिक पर्यटनहरुको चाप हुने र स्थानिय कुखुराको माग भएको होटल, रेष्टुरेन्टको छेउछाउका वस्तीमा कृषकहरुको माग वा होटल, रेष्टुरेन्ट माल्लिकहरुको माग अनुसार हुनेछ ।

घ. जिल्ला छनौट भईसके पश्चात् सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुलाई जानकारी गराइनेछ, जिल्लाको पशु विकास कार्यालयले स्थान विशेषको छनौट गर्दा तपसिलको बुँदामा विषेश ध्यान दिनुपर्ने हुन्छ ।

- सम्बन्धित ठाउँ पर्यटकीय स्थलको रुपमा रहेको ।
- होमस्टे कार्यक्रम संचालन हुने गरेको ।
- होटल, रेष्टुरेन्ट वाहुल्य भएको ग्रामिण क्षेत्र वा विभिन्न लोकमार्ग वरिपरि रहेको क्षेत्र ।
- छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवं सरसफाई भएको ।
- कृषक वा उद्यमी स्थानिय कुखुरा पालन गर्न ईच्छुक भएको ।

ङ. स्थानिय कुखुरापालन गर्ने स्थानको छनौट भए पश्चात् सो स्थानमा रहेको स्थानिय/हाईब्रिड (उन्नत) पंक्षीहरुको प्रारम्भीक तथ्यांक संकलन गरी अभिलेख राख्ने र पशु उत्पादन निर्देशनालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

च. स्थान विषेशको छनौट पश्चात् ग्रामीण कुखुरा प्रवर्धन कार्यक्रमको कार्ययोजना वनाई पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ । सम्बन्धित कार्ययोजना प्रस्तावलाई निर्देशनालयका "मूल्यांकन समितिले सहकार्यको लागि कार्यक्रम तय गर्नेछ, त्यस्ता कार्यक्रमहरु निम्नानुसार हुन सक्नेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

- स्थानिय कुखुराको साना ह्याचरी निर्माण तथा खरीद ।
- कुखुराको खोर निर्माण तथा जैविक सुरक्षा ।
- कुखुराको स्थानिय श्रोतमा आधारित दाना तथा घाँस व्यवस्थापन ।
- कुखुराको सुली तथा फोहर व्यवस्थापन ।
- सामुहिक कुखुरापालन तथा एकिकृत कुखुरा व्यवस्थापन (पशु स्वास्थ्य समेत) ।
- भाले ककरेल वितरण/चल्ला वितरण तथा व्यवस्थापन ।
- प्रविधि प्रसार आदि ।

११.३ स्थान तथा प्रस्ताव स्वीकृत पश्चात् समूहमा कार्यकम सञ्चालन हुने भएमा सम्बन्धित ठाँउमा ग्रामीण कुखुरा विकास समुह वा समिति वा सहकारी गठन हुनेछ । यस अवस्थामा जिल्ला पशु सेवा कार्यालय र समूह वा समितिको संयूक्त खाता संचालन हुनेछ ।

११.४ स्वीकृत प्रस्ताव एवं स्थान विषेशको आधारमा ५०% अनुदान प्राप्त हुने गरी सहकार्यको लागि सम्झौता हुनेछ, सम्झौता अनुसार अनुदानको रकम एकै पटक वा किस्तामा रकम जम्मा हुनेछ ।

११.५ कूल वजेटको २.५% रकम प्रशासनिक, अनुगमन, भत्ता र अन्य खर्चमा भुक्तानी हनेछ ।

११.६ अनुगमन तथा मूल्यांकनः कार्यक्रमको मासिक अनुगमन गरी सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले प्रगति प्रतिवेदन पशु उत्पादन निर्देशनालयमा पठाउने छ । त्यस्तै पशु उत्पादन निर्देशनालयले वार्षिक रुपमा अनुगमन गर्ने र सम्बन्धित सकार्य गर्ने संस्थाले सार्वजनिक सुनवाई गर्ने ।

## परिच्छेद १२. भेंडा विकास श्रोत केन्द्र स्थापना

१२.१. उद्देश्यः

क. क्रमिक रुपमा घट्दो भेंडाको संख्या तथा स्थानिय जातको संरक्षण र सम्बर्धन गर्ने ।

ख. भेंडा/च्याङ्ग्राको ऊन र मासुको उतपादन र उत्पादकत्व वृद्धि गराई पश्मिना निर्यातलाई प्रोत्साहन गर्ने ।

ग. उच्च पहाड तथा हिमाली भेगको जनताको आयस्तरमा वृद्धि गर्ने र घुम्ती गोठ भेंडा/च्याङ्ग्रा व्यवस्थापनमा टेवा पुर्याउने ।

१२.२. कार्य संचालन विधिः

क. प्रथम चरण पहिलो वर्षमा यो कार्यक्रम ५ जिल्लामा लागु हुनेछ, प्रथम वर्षमा श्रोत केन्द्र स्थापना हुने जिल्लाहरुः संखुवासभा, रसुवा, कास्की, लमजुड, दार्चुला क्रमिक रुपमा अन्य जिल्लाहरुमा समेत कार्यक्रम लगिने छ ।

ख. जिल्लाका पशु विकास कार्यदलले सम्भाव्यताको आधारमा १ वा वढी गा.वि.स. छनौट गर्ने छ, छनौट भएका भेंडा पालिने गा.वि.स. हरुको तथ्यांक संकलन गर्नु पर्नेछ । सो बमोजिमको तथ्यांक पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्ने छ ।

ग. कार्यक्रम संचालन हुने गा.वि.स. मा कम्तीमा १० जना कृषकहरुको समुह वा समिति वा सहकारी गठन हुनेछ र क्रमिक रुपमा फ्लोअप अगामी वर्षहरुमा आवश्यकता अनुसार यस्ता समुह वा समिति वा सहकारीमा कृषकहरु थपिँदै जानेछ ।

घ. सम्बन्धित समुह वा समिति वा सहकारीले संयूक्त खाता खोली जिल्ला पशु सेवा कार्यालयवाट प्राप्त कूल अनुदानको २५% रकम सम्बन्धित कृषकहरुले समेत जम्मा गर्नुपर्छ । जिल्ला पशु सेवा कार्यालयले कृषकहरुवाट प्राप्त रकम जम्मा भएको प्रमाण पेश भएको एक हप्ता भित्र अनुदानको रकम सोही खातामा जम्मा गरिदिनु पर्नेछ ।

ङ. सम्बन्धित कृषक समुह वा समिति वा सहकारी एवं जिल पशु सेवा कार्यालयको प्रयासमा अन्य निकायवाट समेत आएको रकम सोही खातामा जम्मा गर्नुपर्ने हुन्छ ।

च. अनुदानको रकम जम्मा भए पश्चात् सम्बन्धित श्रोत केन्द्रले एक श्रोत केन्द्र सहजकर्ता सम्बन्धित समुह वा समिति वा सहकारी सदस्यहरुमध्येबाट तोक्नुपर्ने हुन्छ । त्यस्ता सहजकर्तालाई खर्च वापत वढीमा मासिक रु. १०००। सम्म परिश्रमिक दिन सकिने छ ।

छ. समुह वा समिति वा सहकारीको सहजकर्ता र जिल्ला पशु सेवा कार्यालयका नजीकका सेवा केन्द्रको प्राविधिक/अधिकृत सहयोगमा कार्यक्रम योजना तर्जुमा गरी रकम प्राप्त भएको १५ दिन भित्र जिल्ला पशु सेवा कार्यालयमा पठाउनु पर्नेछ र जिल्ला पशु सेवा कार्यालयले आवश्यकता अनुसार कार्यक्रम परिमार्जन गरी स्तर उन्नतिका लागि पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

ज. कार्यक्रम स्वीकृत भए पश्चात् तपशिलका कार्यहरु गर्न सक्नेछः

- पशु श्रोत केन्द्रको तथ्यांक संकलन तथा अभिलेखीकरण, विश्लेषण
- खोर तथा घुम्ती गोठ सुधार
- पशु आहाराको लागि चरन क्षेत्र, वाटोघाटो, पानी मुहान सम्भार

- भेंडा थुमा वितरण, कृ.ग. कार्यक्रम
- जुम्रा /नाम्ले विरुद्ध औषधि तथा पि.पि.आर. विरुद्ध लगायतका भयक्सीन
- ऊन काट्ने तालिम तथा घरेलु ऊन प्रशोधन तालिम
- ऊन तथा मासु एवं जिवित पशुको संकलन केन्द्र तथा वजारीकरण
- गोवर ग्यास स्थापना
- वचत तथा ऋण व्यवस्थापन, पशु विमा व्यवस्थापन
- अन्य श्रोत केन्द्र प्रवर्धन का कार्यक्रमहरु सामाजिक सामुहिक कार्यहरु आदि ।

झ. कार्यक्रम संचालन भएको र रकम उपयोग भएको प्रगति मासिक रुपमा सहजकर्ताले जि.प.से.का /सेवा केन्द्र र सम्बन्धित जिल्लाले पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्ने छ ।

१२.३ अनुगमन तथा मूल्यांकनः सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले चौमासिक रुपमा एवं पशु उत्पादन निर्देशनालय एवं अन्तर्गतका निकायले वार्षिक रुपमा अनुगमन गरी प्रतिवेदन प्रस्तु गर्नुपर्ने छ । कार्यक्रमको अनुगमन, समन्वय, प्रशासनिक खर्च, भत्ता आदिको लागि कूल रकमको २.५% खर्च गर्ने ।

ञ. सार्वजनिक सुनवाईः सम्बन्धित भेंडा वा च्याङ्ग्रा समुह वा समिति वा सहकारीले वार्षिक रुपमा रकमको उपयोग एवं प्रगति सम्बन्धमा सार्वजनिक सुनवाई गर्नु पर्नेछ ।

## परिच्छेद १३. एनिमल आईडेन्टीफिकेशन तथा ट्रेसिवेलिटी कार्यक्रमः

### पशुको पहिचान तथा स्थानान्त्रण सूचना प्रणाली

१३.१ उद्देश्यः

क. हालको वढ्दो व्यवसायिकरण पशुपालनलाई टेवा दिन र श्रोत केन्द्रहरुलाई वैज्ञानिक रुपमा व्यवस्थापन गर्न ।

ख. देशमा भएको उत्पादनशील स्थानिय तथा उन्नत पशुपंक्षीहरुको अभिलेखीकरण गर्न एवं सोको विश्लेषण गरी योजना तर्जुमा गर्न ।

ग. देश भरि नै हुने पशुपंक्षीहरु स्थानान्त्रण प्रदान गरिएको सेवालाई सूचिकृत गर्न एवं अभिलेखीकरण गर्न लगायत पशुहरुको पहिचान स्थापना गर्नुका साथै सूचना प्रणालीलाई दिगो रुपमा सुदृढिकरण गर्न ।

घ. पशुपंक्षी आयातलाई प्रवर्धन र निर्यातलाई प्रतिस्थापना गर्न ।

१३.२ कार्यक्रम संचालन विधिः

क. जिल्ला कार्यक्रम संचालन हुने जिल्लाहरः मोरङ्ग, चितवन, अछाम क्रमिक रुपले अन्य जिल्लामा समेत लागु हुनेछ ।

ख. जिल्ला पशु सेवा कार्यालयले जिल्लामा संचालित गाईपालन एवं व्यवसायिक कार्यहरुको अनिवार्य रुपमा दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ र सो प्रमाणपत्र सम्बन्धित कृषक, उद्यमी, समुह÷समिति एवं सहकारीले अनिवार्य रुपमा सवैले देख्ने गरी प्रमाणपत्र र साइन वोर्ड झुण्डयाउनु पर्नेछ ।

ग. जिल्ला पशु सेवा कार्यालयले यस्ता फार्महरुको सम्पूर्ण विवरण कम्प्यूटरमा डाटा ईन्ट्री गर्नु पर्नेछ ।

घ. उन्नत पशुपालन व्यवसायिक पशुपालन तथा उत्पादनशील पशु वस्तुलाई टयागिङ् गर्नु पर्नेछ, जुनसुकै उद्देश्य वा निकायवाट टयागिङ्ग गर्नु पर्नेछ, जुनसुकै उद्देश्य वा निकायवाट टयागिङ्ग भएता पनि अन्य निकाय र उद्देश्यको लागि सो नम्वर लागु हुनेछ ।

ङ. टयागिङ्ग सामाग्री, टयाग मेशिन आदिको प्रवन्ध पशु उत्पादन निर्देशनालयले गर्नेछ ।

च. टयागिङ्ग गर्दा ठूला पशुको हकमा रु. ५०/– प्रति पशु र साना पशुको हकमा रु. २५/– प्रति पशु टयागिङ्ग गर्ने प्राविधिकलाई पारिश्रमिक रुपमा भुक्तानी गरिने छ ।

छ. नेपाल सरकारको पशुपालनमा जुनसुकै रकम प्रदान गर्दा टयागिङ्गलाई अनिवार्य लागु गर्नु पर्नेछ ।

ज. टयागिङ्ग भएका पशुहरुको स्थानान्तरण, वेच्ने, विक्रि वा मृत्यु सावली पश्चात् सोको जानकारी कृषकले नजीकको सेवा केन्द्रमा र सेवा केन्द्रले मासिक रुपमा जिल्ला पशु सेवा कार्यालयलाई दिनु पर्नेछ ।

झ. टयागिङ्ग र पशुहरुको अभिलेखीकरणको लागि सफ्टवेयर व्यवस्थापन र केन्द्रित सूचना प्रणालीको लागि व्यवस्थापन खर्च पशु उत्पादन निर्देशनालयले गर्नेछ ।

ञ. जिल्ला पशु सेवा कार्यालयलाई प्रति डाटा ईन्ट्रिको लागि रु. २/– प्रदान गरिने छ, यो रकम पारिश्रमिक रुपमा प्रदान गरिने छ ।

ट. यो कार्यक्रमको अनुगमन तथा समन्वय पशु उत्पादन निर्देशनालय तथा पशु सेवा विभागको तथ्यांक शाखाले गर्नेछ । यो कार्यक्रमको अनुगमन प्रत्येक चौमासिकमा हुनेछ ।

ठ. कार्यक्रमको सफलता हेरी अन्य व्यवसायिक जिल्लामा समेत लागु हुनेछ ।

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

## परिच्छेद १४ विविध

१४.१. संरचनागत व्यवस्था

क. जिल्लामा सञ्चालन गरिने पशु विकास सेवा कार्यक्रमको व्यवस्थापनको लागि पशु विकास कार्यदल रहनेछ । यस कार्यदलले कार्यविधिमा तोकिए अनुसारका कार्य गर्नेछ । पशु विकास कार्यदलको गठन निम्नानुसार हुनेछ ।

| | |
|---|---|
| प्रमुख, जिल्ला पशु सेवा कार्यालय | अध्यक्ष |
| कार्यक्रम अधिकृत जि.वि.स. | सदस्य |
| अधिकृत प्रतिनिधि, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि, जिल्ला वन कार्यालय | सदस्य |
| प्रमुख, महिला तथा बालबालिका कार्यालय | सदस्य |
| प्रमुख, डिभिजन सहकारी कार्यालय (कार्यालय रहेका जिल्लाका लागि मात्र) | सदस्य |
| अध्यक्ष, जिल्ला दुग्ध उत्पादक सहकारी संघ | सदस्य |
| अध्यक्ष, बाख्रापालक संघ | सदस्य |
| प्रतिनिधि, नेपाल डेरी संघ | सदस्य |
| पशु विकास अधिकृत वा पशु चिकित्सक, जि.प.से.का. | सदस्य–सचिव |

सरोकारवालामध्येबाट बढीमा तीन जानलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

ख. समन्वय तथा अनुगमन व्यवस्थाः पशु विकास सेवा कार्यक्रमको सञ्चालन सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समितिको गठन हुने छ । यस समितिले आवश्यकता अनुसार तीन जना अधिकृतलाई आमन्त्रण गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| १. | कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | संयोजक |
| २. | प्र.प.वि.अ, रा.च.आ.केन्द्र | सदस्य |
| ३. | प्र.प.वि.अ, रा.प.प्र.केन्द्र | सदस्य |
| ३. | क्षेत्रीय निर्देशक, क्षे.प.से.नि., हरिहरभवन | सदस्य |
| ४. | प्रमुख, के.गा.भै.प्र.का. | सदस्य |
| ५. | प्रमुख, के.भे.बा.प्र.का. | सदस्य |
| ६. | प्रमुख, के.बं.कु.प्र.का. | सदस्य |
| ७. | प्रमुख, लाईस्टक श्रोत संरक्षण शाखा, पशु उत्पादन निर्देशनालय | सदस्य |
| ८. | प्रमुख, पशु उत्पादन प्रबर्द्धन शाखा, पशु उत्पादन निर्देशनालय | सदस्य |
| ९. | वरिष्ठ अधिकृत, पशु सेवा विभाग | सदस्य |
| १०. | पशु विकास अधिकृत, पशु उत्पादन निर्देशनालय | सदस्य–सचिव |

ग. समितिको काम, कर्तव्य र अधिकार

१. कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि आवश्यक समन्वय गर्ने, यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा सो फुकाउनका साथै यस कार्यविधिको व्याख्या गर्ने कार्य यो समितिको हुने छ । यो समितिको बैठक संयोजकले तोकेका बखत बस्नेछ ।

२. यस समितिले कार्यविधिको कार्यान्वयनको लागि आवश्यक अनुसुचीहरु निर्माण गर्ने, थपघट गर्ने तथा संशोधन गर्ने कार्य गर्नेछ ।

३. समितिले आवश्यकता अनुसार कृषि विकास मन्त्रालय, पशुसेवा विभाग, सम्बन्धित क्षेत्रीय पशुसेवा निर्देशनालयहरु, पशु उत्पादन निर्देशनालयका प्रतिनिधि सहितको संयुक्त अनुगमन गरि प्रतिवेदन तयार गर्नेछ ।

घ. कार्वाहीको व्यवस्थाः छनोट भएका कृषकहरुले प्राप्त रकमलाई दुरुपयोग गरेको पाइएमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

ङ. प्रचलित कानून लागू हुनेः प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

च. कार्यबिधि संशोधन तथा परिमार्जनः कृषि बिकास मन्त्रालयले यस कार्यबिधि तथा यसका अनुसुचीमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

छ. कार्यक्रमको समीक्षा तथा पृष्ठपोषणः मिसन लगायत विशेष कार्यक्रमहरुको समीक्षा तथा पृष्ठपोषणको कार्य कृत्रिम गर्भाधान राष्ट्रिय अभियान कार्यक्रमको केन्द्रिय समन्वय समितिले गर्नेछ ।

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

# अनुसुचीहरु

## अनुसुची १

गाविस छनोटका आधारहरु

क. गाविसको कुल जनसंख्या

ख. गाविसमा रहेका सम्बन्धित पशुसंख्या

ग. गाविसमा रहेका खर्क वा चरन वा आहाराको अवस्था

घ. गाविसको भोतिक पूर्वाधार

ङ. गाविसमा दुध तथा पशुजन्य पदार्थको विकिको अवस्था

च. गाविस छनोट गर्दा Pairwise ranking method पयोग गर्न सकिनेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

अनुसुची २

कार्यकममा आबद्ध लाभान्वित घरपरिवारहरुको विवरण

कार्यकमको नाम

समूह वा समिति वा सहकारीको नाम ठेगाना

मिति

| सि न | कृषकको नाम | ठेगाना | उमेर | शैक्षिक अवस्था | पशुको संख्या | |
|---|---|---|---|---|---|---|
| | | | | | माउ | साना |
| | | | | | | |
| | | | | | | |

अनुसुची ३

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुदान वा कार्यकम पास गर्ने कृषक समूहले सञ्चालन गर्ने कार्ययोजनाको विवरण

कार्यकमको नाम

समूह वा समिति वा सहकारीको नाम ठेगाना

मिति

वार्षिक कार्ययोजना

| सि न | कृयाकलाप | ईकाई | परिमाण | आबश्यक वजेट रु | लाभान्वित कृषक वा समूहको योगदान रु | सञ्चालन महिना | जिम्मेवार व्यक्ति वा संस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसुची ४

अनुदान पास कृषक वा समूहहरुले कार्य सम्पन्न गरेपछि पेश गर्नुपर्ने पगति विवरण

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

कार्यकमको नाम

समूह वा समिति वा सहकारीको नाम ठेगाना

मिति

| सि न | सम्पन्न कृयाकलाप | परिमाण | स्थान | लाभान्वित परिवार संख्या | खर्च रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुची ५

.................... निर्देशनालय/कार्यालय

.................................................कार्यक्रमको प्रस्ताव आव्हानको सूचना

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

प्रथम पटक प्रकाशित मितिः ............

यस ..... ..... ..... कार्यालयको आ.व. ..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ..... ..... ..... कार्यकम रहेकोले .................कार्यकममा सहभागी हुन इच्छुक व्यक्ति वा संस्थाबाट एकल वा संयुक्त रुपमा दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ..... दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम सहित सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा दरखास्त दिनुहुन सूचित गरिन्छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूची ६ अनुसारको आवेदन फाराम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. फार्म वा संस्थाको विस्तृत विवरण
५. हालसालै खिचेको पासपोर्ट साईजको फोटो
६.अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु

अनुसुची ६

आवेदन पत्र

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

श्रीमान् कार्यालय प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय
.....................

विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

........................ बाट मिति ........................ मा ........................ पत्रिका पकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम ........................कार्यकम सहभागी हुन तीव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी यो निवेदन/संयुक्त निवेदन पेश गरिन्छ । अनुदान वा सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया तथा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्ने जानकारी गराउछु /गराउछौ ।

तपसिल

1. कार्ययोजना
2. नेपाली नागरिकताको प्रतिलिपी
3. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी
4. DDRC वाट भुकम्प प्रसासनिक परिचयपत्रको प्रतिलिपी
5. गाईपालन गर्ने क्षमता (जग्गा, घाँस रोपणको क्षेत्रफल आदि)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची –७

## हाईडापोनिक्स मेशिन वितरणको लागि कृषक छनौटको लागि मूल्याङ्कनका आधारहरु

| फार्मको नाम | दुहुना पशुको संख्या २० | | | औसत दुध उत्पादन पति दिन पति गाई १५ | | | घास खेती १५ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १०० भन्दा माथि २० | ७५ देखि ९९ सम्म १५ | ५० देखि ७४ सम्म १० | १० भन्दा बढि १५ | ७ देखि १० सम्म १० | ५ देखि ७ सम्म ५ | २ कठ्ठा भन्दा बढी पति माउ गाई १५ | १ देखि २ कठ्ठा पति माउ गाई १० | १ भन्दा कम पति गाई ५ |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनसुची ८

मूल्यांकनका आधारहरु

बगुर व्यवसाय प्रबद्र्धन कार्यक्रम (राष्ट्रिय अभियान) अन्तरगत फार्म सुदृढिकरणको लागि फार्म छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

'क' प्रकारको फार्मको लागि

| क. सं. | द.नं. | आवेदक को नाम | ठेगाना | कार्य योजना (१५) | व्यवसायको सम्भाव्यता उपयुक्तता (१०) | अनुभव तालिम (१५) | पालिरहेको बंगुरको संख्या (२०) | खोर तथा जैविक सूरक्षाको अवस्था (२०) | दाना पानीको अवस्था २० | कुल प्रासांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

'क' प्रकारको फार्मको लागि

| क. सं. | द.नं. | आवेदकको नाम | ठेगाना | कार्य योजना (१५) | व्यवसायको सम्भाव्यता उपयुक्तता (१०) | अनुभव तालिम (१५) | पालिरहेको बंगुरको संख्या (१५) | खोर तथा जैविक सूरक्षाको अवस्था (२०) | दाना पानीको अवस्था १५ | फ्याटेनिङ फार्मसगको आबद्धता १० | कुल प्रासांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची ९

बंगुर व्यवसाय प्रवद्र्धन राष्ट्रिय अभियान कार्यक्रम निर्देशक समितिको बनोट

१) महानिर्देशकः पशु सेवा विभागः संयोजक

२) उपमहानिर्देशकहरु (२)ः सदस्य

३) कार्यक्रम निर्देशकहरु (४) सदस्य

४) प्रमुख, नार्क (पशु प्रजनन महाशाखा)ः सदस्य

५) प्रतिनिधि, बंगुर व्यवसायी संघ, नेपालः सदस्य

६) प्रतिनिधि, मासु प्रशोधनकर्ताः सदस्य

७ प्रमुख, केन्द्रीय बंगुर कुखुरा प्रवद्र्धन कार्यालयः सदस्य सचिव

यस बाहेक आवश्यकता अनुसार अन्य सरोकारवाला निकायका प्रतिनिधिलाई आमन्त्रितको रुपमा समावेश गर्न सकिनेछ ।

अनुसची १०

सम्झौता पत्र

जिल्ला पशु सेवा कार्यालय, ..... को स्वीकृत कार्यकम अनुसार आ.व. .............. मा सञ्चालन हुने ............ कार्यकमका लागि छनौट भएका फार्म वा कृषक ..... ............. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) र जिल्ला पशु सेवा कार्यालय, ..... ............. (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रहि कार्यकम सञ्चालन गर्न द्विपक्षीय सम्झौता भएको छ ।

तपसिल

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि यस कार्यविधी दिनपर्ने अनुदान रकम दोश्रो पक्षको खातामा जम्मा गर्नेछ । अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोश्रो पक्षबाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिनेछ ।

२. पहिलो पक्षबाट तोकिएको पाविधिक विषयबस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

३. पहिलो पक्षबाट प्रास अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि ५ वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिनेछ ।व्यवसायबाट उत्पादित वस्तुको बजार व्यवस्था दोश्रो पक्ष स्वयमले नै गर्नु पर्नेछ ।

४. पहिलो पक्षले नियमित रुपमा अनुदान पास गर्नेको अनुगमन गर्नेछ ।

५. दोश्रो पक्षले चैमासिक रुपमा प्रगति विवरण सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा वुझाउनु पर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनैपनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् हुनेछ ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

८. जिल्ला पशु सेवा कार्यालयले आबश्यक ठानेका अन्य विषयबस्तु थप हुन सक्नेछ ।

प्रथम पक्ष

जि.प.से.का.को तर्फबाट सहि गर्नेको

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छापः

दोश्रो पक्ष

तर्फ वाट सहि गर्नेको

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छाप

रोहवर

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छापः

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छाप

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनसुची ११

मूल्यांकनका आधारहरु

बाखा व्यवसाय प्रवद्र्धन कार्यक्रम (राष्ट्रिय अभियान) अन्तरगत फार्म छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क. सं. | द.नं. | आवेदक को नाम | ठेगाना | कार्य योजना (३०) | व्यवसायको सम्भाव्यता उपयुक्तता (२५) | अनुभव तालिम (१०) | पालिरहेको वा व्यवसाय शुरु गर्ने बाखाको संख्या (१०) | घास विकास गरेको वा विकास गरिन जग्गाको क्षेत्रफल (२०) | बैदेशिक रोजगार बाट फर्केकँ (५) | कुल प्रासांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसुची १२

जिल्ला पशु सेवा कार्यालयले व्य. कृषकसँग गराउने प्रजनन् बोकाको शर्तनामा

भरपाई दादै आगे जिल्ला................गा.वि.स./न.पा......................................... वडा नं.............निवासी म..........................................ले आफ्नो फार्म र स्थानिय कृषकहरुले पालेका बाखाहरुमा प्रजनन् सेवा उपलब्ध गराई बाखाको नश्ल सुधार विकास र विस्तार को लागि सहयोग गर्न ....................................कार्यालयबाट प्राप्त ट्याग नं.................को ..................जातको प्रजननयोग्य बोका आज मिति ............गतेका दिन निम्न शर्तमा बुझिलिई यो भरपाई गरिदिएं । ईति सम्वत..........साल..........महिना......गते ......रोज शुभम् ।

शर्तनामा

1. आफुले बुझिलिएको बोकालाई प्रजनन्को लागि मात्र प्रयोग गरी सो को अभिलेख नियमित रुपमा जि.प.से.का. वा सम्बन्धित पशु सेवा केन्द्र÷उपकेन्द्र ÷स्रोतकेन्द्र संचालन समितिमा बुझाउने छु ।
2. बोका विरामी भएमा नजिकको पशु सेवा केन्द्र÷उपकेन्द्रमा वा जि.प.से.का.मा लगि उपचार गराउने छु ।
3. वर्षमा कम्तिमा ४ पटक परजिवी विरुद्ध उपचार गराउनेछु ।
4. अचानक बोका मरेमा नजिकको पशु सेवा केन्द्र÷उपकेन्द्रमा वा जि.प.से.का.मा लगि पोष्टमार्टम गराउने छु ।
5. कुनै लापर्वाहीका कारण बोका मरेमा सोही गुणस्तरको बोका आफ्नै खर्चमा व्यवस्था गरि सेवा पुराउने छु ।
6. यस क्षेत्रका कृषक तथा व्यवसायीहरुले पालेका बाखाहरुमा आवश्यकता अनुसार प्रजनन् सेवाको लागि बोका उपलब्ध गराउनेछु ।
7. हाडनातामा हुने प्रजनन् नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउने छु ।
8. वोकाको प्रजनन सेवाको विवरण भरी हरेक महिना जिल्ला पशु सेवा कार्यालय मार्फत केन्द्रीय भेडा वाखा प्रवर्धन कार्यालयमा पठाउने छु ।
9. जिल्ला पशु सेवा कार्यालय वा पशु सेवा केन्द्रवाट बोका व्यवस्थापनको लागि अन्य कृषकलाई दिने निर्देशन दिएको अवस्थामा सोको पालना गर्ने छु ।

बोका बुझ्नेको दस्तखतः बुझाउनेको दस्तखतः

मिति

साक्षी /रोहवर

................गा.वि.स./न.पा.निवासी श्री.................................दस्तखतः

...............गा.वि.स./न.पा. निवासी श्री.................................दस्तखतः

प्रमाणित गर्नेः

कार्यालयका प्रतिनिधीको नामः

दस्तखतः

कार्यालय वा समूह वा समितिको छाप

द्रष्टब्यः जि.प.से.का ले आवश्यकता अनुसार उल्लेखि शर्तहरुमा थपघट गर्न सक्ने छ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसुची १३

**व्यवसायिक फार्मको सर्वेक्षण फाराम**

जिल्ला

फार्मको नाम ठेगाना

स्थापना मिति

दर्ता नं. तथा दर्ता भएको निकाय

फार्मधनीको नाम ठेगाना

खोरको अवस्थाः बाखांका जातहरु

रेकर्डको अवस्था राखेको नराखेको

| आ ब | फार्मको स्टक | | | | | | वार्षिक बिकी सख्या | वार्षिक आम्दानी | घास लगाएको क्षेत्रफल | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माउ | बोका | खसी | पाठा | पाठी | जम्मा | | | हिउदे | वर्षे | बहु वर्षे | डाले घास | कैफियत |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

अनुसुची १४

उत्पादनशिल बकेर्नो भैसी संरक्षण कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२५) | अनुभव/ तालिम (१०) | आफैले उत्पादनशिल बकेर्ना भैसी संकलन गरी संरक्षण गरि रहेको संख्या (१५) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (२५) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समिति का पदाधिकारीहरुको:

नाम थरः पद कार्यालय ठेगानाः दस्तखत

१.
२.
३.
४.
५.

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसुची १५

मासु उत्पादनको लागि पाडा हुर्काउने कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२५) | अनुभव/ तालिम (५) | आफैले पाडाहरु संकलन गरी हुर्काई रहेको संख्या (२०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (२५) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समिति का पदाधिकारीहरुको:

नाम थरः पद कार्यालय ठेगानाः दस्तखत

१.
२.
३.
४.
५.